

# स्थानीय तहमा बालबालिकाका आवाज

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

युनिसेफ नेपाल र मीरेष्ट नेपालको सहयोग र सहकार्यमा प्रकाशित
प्रकाशनः वि.सं. २०७४
प्रतिः १०००

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

# मन्तव्य

बाल अधिकारका विषयलाई स्थानीय सरकारको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने उद्देश्यले बालमैत्री स्थानीय शासनको अवधारणालाई राष्ट्रव्यापी बनाईएको हो । यो अभियानकै परिणाम स्वरुप मुलुकका १४ वटा तत्कालीन स्थानीय निकायहरु बालमैत्री घोषणा भएका छन् भने अहिले सम्म मुलुकभर लगभग करीब २३ हजार बाल क्लबहरुमा झन्डै करीब ६ लाख बाल बालिका आवद्ध हुन सकेका छन् । यसरी बाल क्लब र बाल सञ्जाल मार्फत संगठित भएका बालबालिकाहरुले बाल अधिकारका सवालमार्फत सामाजिक रुपान्तरणमा पनि महत्वपूर्ण योगदान दिएका छन् ।

मुलुकको पुनर्संरचना गर्ने क्रममा बालबालिकाका सवालहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहमा संस्थागत गरको छ । यसमा आधारित रहेर बालमैत्री अभियान मुलुकका प्रायः सबै स्थानीय तहले सञ्चालन गरिरहेका छन् । नेपालको संविधानले मौलिक हकका रुपमा ग्यारेन्टी गरेको बालबालिकाको हकलाई व्यवहारिक रुपमा प्रत्याभूत गराउन स्थानीय तहहरुको यो प्रयास सह्रानीय छ । संविधानतः शक्तिको निक्षेपण भएको नयाँ परिवेशमा स्थानीय तहको अगुवाईमा भइरहेको यो अभ्यास उचित गन्तव्य तर्फ अगाडि बढिरहेको अनुभव हुन्छ । संवैधानिक रुपमा प्रत्याभूत गरिएको बालबालिकाको हकलाई व्यवहारमा रुपान्तरण गर्ने राज्यका तीन तह मध्ये स्थानीय तह नै भरपर्दो र सक्षम सरकार हो ।

स्थानीय तहको योजना तथा बजेट निर्माणमा बाल बालिकाको सहभागिता गराउने उद्देश्यले बालभेला आयोजना गरिने अभ्यास छ । बालभेला मार्फत बालबालिकाले पहिचान गरेका सवाल र समस्यालाई स्थानीय तहको योजना प्रणालीमा समावेश भएको योजना तथा कार्यक्रम वयस्कहरुले थोपरेको भन्दा गुणस्तरीय हुने गरेको हाम्रो विगतको कार्य अनुभवले देखाउँछ । यो प्रक्रियाबाट आएको योजना तथा कार्यक्रममा स्वयम् बालबालिकाको र समुदायको पनि अपनत्व हुने भएकाले नतिजामुखी परिणाम निस्कने गरेको छ । यस कारण स्थानीय तहको सहभागितामूलक योजना छनौट प्रक्रियाको एक अंगका रुपमा बालभेला स्थापित भएको छ । बालभेलाहरु व्यवस्थित, प्रक्रियागत र स्थानीय तहको योजना छनौटको सीमामा रहेर गरिनु पर्दछ भन्ने अभिप्रायले युनिसेफ नेपाल र मीरेष्ट नेपालको सहयोगमा यो ***"बाल भेला सञ्चालन र सहजीकरण (हाते पुस्तिका)"*** तयार गरिएको हो ।

बालभेलाको परिभाषा, औचित्य, प्रक्रिया तथा स्थानीय तहको योजना छनौटमा बालभेलाको भूमिका विषयमा सरल रुपमा व्याख्या भएको यो पुस्तिका स्थानीय तहका पदाधिकारी बाल भेला तथा बाल अधिकार सम्बन्धी चासो राख्ने विकास साझेदार र संस्थाहरुका निमित्त पनि पठनीय सन्दर्भ सामाग्रीका रुपमा आएको छ ।

प्रस्तुत पुस्तिका तयारीका क्रममा योगदान दिनु हुने यस मन्त्रालयका ग्रामिण विकास समन्वय शाखा प्रमुख उपसचिव विजयराज सुवेदी, शाखा अधिकृत जनकराज शर्मा, युनिसेफ नेपालका अञ्जली प्रधान, इन्दिरा कोइराला, दोभान लावती सुव्बा तथा मीरेष्ट नेपालका अध्यक्ष सुरेशप्रसाद आचार्य र वरिष्ठ पत्रकार कुमार यात्रु तामाङलगायतको मेहनतको सराहना गर्दछु ।

दिनेश कुमार थपलिया
सचिव

# विषयसूची


मन्तव्य ग

विषयसूची घ

**भाग १ पृष्ठभूमि** १-४

१.१ विषय प्रवेश

१.२ उद्देश्य

१.३ हाते पुस्तिकाका प्रयोगकर्ता

१.४ हाते पुस्तिकाको प्रस्तुति

**भाग २ : बालभेला परिचय** ५-१२

२.१ बालभेलाको अवधारणा

२.२ बालभेलाको महत्व

२.३. नेपालमा बालभेलाका अभ्यास

२.४. बालभेलाका प्रकारहरु

**भाग ३ स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियामा बालभेला** १३-१८

३.१. स्थानीय तहको योजना

३.२ बालअधिकारमा आधारित योजना तर्जुमा

३.३ बालअधिकारमा आधारित योजना

**भाग ४ बालभेला सञ्चालन प्रक्रिया** १९-४६

४.१. बालभेलासम्बन्धी नीतिगत व्यवस्था

४.२. बालभेलाका चरणहरु

कार्यसूची १: उद्घाटन सत्र

कार्यसूची २: परिचय सत्र

कार्यसूची ३: सहभागीका लागि आचारसंहिता सत्र

कार्यसूची ४: समूह विभाजन सत्र

कार्यसूची ५: शरीर नक्सांकन सत्र

कार्यसूची ६: मन पर्ने र मन नपर्ने सत्र

कार्यसूची ७: जोखिम नक्सांकन सत्र

कार्यसूची ८ः परिकल्पना
कार्यसूची ९ः प्रस्तुततिकरण सत्र
कार्यसूची १०ः योजना निर्माण, सवाल र समस्या छुट्याउन सत्र
कार्यसूची ११ः योजना प्राथमिकीकरण र माइन्यूट लेखन सत्र
४.३ बालभेला सम्पन्न भएपछिका कार्यहरु

भाग ५ : स्थानीय तहमा बालबालिकाका योजना तथा कार्यक्रम ४७–५४
५.१. बालबालिकाका योजना, स्थानीय तहको लगानी
५.२. स्थानीय सरकारको दायित्व

अनुसूचिहरु ५५–५९
अनुसूची १ : विराटनगर महानगनगर नगरस्तरीय बालभेलाको कार्यसूचि
अनुसूची २ : विराटनगर महानगरमा बालभेलाबाट पहिचान भएका बालबालिकाका सवाल तथा मागहरु
अनुसूची ३ : मतदान प्रक्रियाबाट प्राथमिकीकरणमा परेका माग तथा कार्यक्रमहरु :



# पृष्ठभूमि

## १.१ विषय प्रवेश

राज्यका शासकीय प्रक्रियामा सहभागी हुने बालबालिकाको जन्मसिद्ध अधिकार हो । यो अधिकारलाई नेपालको संविधान, २०७२ ले मौलिक हकका रूपमा स्थापित गरेको छ । संविधानको भाग ३ को मौलिक हकअन्तर्गत धारा ३९ मा बालबालिकाको हकलाई व्यवस्थित गरिएको छ । धारा ३९ को उपधारा २ मा हरेक बालबालिकालाई सर्वांगीण व्यक्तित्व विकासको हक र सोही धाराको उपधारा ३ मा बाल सहभागिताको हकलाई समावेश गरिएको छ । यी संवैधानिक अधिकारअनुसार बालबालिकाले विचार तथा अभिव्यक्ति प्रस्तुत गर्ने तथा संगठित हुने अधिकार राख्छन् ।

बालबालिकाको सहभागिताको हकलाई नेपालले सन् १९९० मा नै अनुमोदन गरिसकेको बाल अधिकार महासन्धि, १९८९ ले पनि व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय कानुनका रूपमा मान्यताप्राप्त यस महासन्धिको पक्ष राष्ट्रका हैसियतले बालबालिकासम्बन्धी संविधानमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपालले विभिन्न नीति, संरचना तथा कार्यक्रममार्फत सम्वोधन गर्ने गरेको छ । यसमध्ये बाल सहभागिताको सवाल पनि एक हो ।

बाल सहभागिताको मुख्य उद्देश्य उनीहरूलाई व्यक्तित्व विकासको अवसर र नागरिक समाजको सदस्यका रूपमा आफ्ना विचार राख्ने मञ्चको व्यवस्था गर्नु हो । आफूसँग सम्बन्धित विषयलाई व्यवस्थित ढंगले प्रस्तुत गरेर निर्णय प्रक्रियामा आफ्नो सरोकार राख्ने वातावरणको खाँचो पर्दछ । यस कार्यमा बालबालिका आफैको अग्रसरताभन्दा पनि समुदायका वयस्क सदस्यहरूको सहकार्यमा मात्र सम्भव हुन्छ । बालबालिकासँग प्रत्यक्ष सम्बन्ध भएको र उनीहरु बसोबास गरिरहेका समुदायलाई प्रभावित गर्ने शासन वा विकास योजना तर्जुमालगायतमा बालबालिकाको अर्थपूर्ण सहभागिताका निम्ति नेपाल सरकारले धेरै प्रकारका कानुनी संयन्त्रहरु, नीति, संरचना तथा मार्गदर्शन तयार गरेको छ । यसमध्ये एक बाल भेला पनि हो । खासगरी स्थानीय तहको योजना तथा कार्यक्रममा बालबालिकाका सरोकारको पहिचान गर्ने र उनीहरूलाई आफ्नो आवाज र धारणा प्रस्तुत गर्ने साझा मञ्चका रूपमा बालभेलाको अभ्यास गर्दै आएको छ ।

यही पृष्ठभूमिमा संविधानले परिकल्पना गरेको राज्यको तीन तहको संरचना र संविधानतः स्थानीय तहको अधिकार एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को लक्ष्यबमोजिम स्थानीय सरकारको सेवालाई व्यवस्थित र सरोकारवालामा अपनत्वको विकास गर्ने उद्देश्यले बालभेलालाई मर्यादित थलो र जिम्मेवारयुक्त संरचनाको रूपमा अपेक्षा गरेको पाइन्छ ।

नेपालमा बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न र गराउन अभ्यासमा रहेको बालमैत्री स्थानीय शासनसम्बन्धी राष्ट्रिय रणनीति, २०६८ मा 'बालबालिकालाई नागरिक हैसियत प्रदान गर्दै स्थानीय



तहमा बन्ने योजना, कार्यक्रम, कार्यान्वयन र त्यसको अनुगमन तथा मूल्यांकन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गराइने उल्लेख छ । त्यसका साथै 'बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने संरचना तथा प्रक्रियाहरूमा पनि उनीहरूको संस्थागत ढंगबाटै सहभागिता सुनिश्चित गरिने' उल्लेख छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तह गाउँपालिका तथा नगरपालिकाले दफा २३ बमोजिम वार्षिक वा आवधिक योजना बनाउनुपर्ने र यस्तो योजना बनाउँदा सरकोरवालाको सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्ता सरोकारवालामा बालबालिकालाई पनि ऐनको दफा २४ को उपदफा ५ ले परिकल्पना गरेको छ ।

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहको योजना तर्जुमा गर्दा सात चरणको प्रक्रिया र निश्चित समय तालिका तोकेको छ । यस्तो प्रक्रियामा पहिलो चरणमा संघ तथा प्रदेशस्तरबाट वित्तीय हस्तान्तरणको खाका प्राप्त गर्ने, दोस्रो चरणमा स्रोत अनुमान र कुल बजेटको सीमा निर्धारण गर्ने, तेस्रो चरणमा बस्ती तथा टोलस्तरबाट योजना छनोट गर्ने र चौथो चरणमा वडास्तरीय योजना प्राथमिकीकरण गर्नुपर्ने प्रक्रिया छ । पाँचौं चरणमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी गर्ने, छैटौं चरणमा सम्बन्धित कार्यपालिकाबाट स्वीकृति लिने र सातौं चरणमा सम्बन्धित सभाबाट पारित गर्ने प्रक्रिया रहन्छन् ।

यो प्रक्रियाअनुसार बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम छनोटमा बालबालिकाको अर्थपूर्ण उपस्थिति र सहभागिताको परिकल्पना गरिएको छ । यस्तो परिकल्पनालाई सार्थक रूपमा सफल बनाउन निश्चित विधि र प्रक्रियामार्फत बालबालिकाले आफ्ना भावना, विचार र आवश्यकतालाई प्रस्तुत गर्ने वातावरणको खाँचो पर्दछ । बालबालिकाले आफ्ना समस्या तथा सवाललाई स्वतस्फूर्त रूपमा बालमैत्री भावनाका साथ प्रस्तुत हुने वातावरणका लागि नेपालमा बाल भेलाको अभ्यास भइरहेको छ । बाल भेलालाई व्यवस्थित रूपमा प्रस्तुत गर्न सरल र सहज होस् भन्ने अभिप्रायका साथ *स्थानीय तहमा बालभेला सञ्चालन र सहजीकरण हाते पुस्तिका* तयार गरिएको छ ।

## १.२ उद्देश्य

यस हाते पुस्तिकाका उद्देश्यहरु यसप्रकार छन् :

- स्थानीय तह गाउँपालिका तथा नगरपालिकाका बजेट तथा योजना तर्जुमा गर्न टोल तथा बस्तीस्तर र वडा तहबाट प्राथमिकता निर्धारण

गर्दै बालबालिकालाई व्यवस्थित र प्रक्रियागत बनाउन सहयोग गर्ने ।

- बालबालिकाका सरोकार, समस्या र सवालको पहिचान गर्न सहयोग पुऱ्याउने ।
- स्थानीय तहको सेवालाई बालमैत्रीपद्धतिका साथ प्रस्तुत गर्न सहयोग गर्ने ।

## १.३ हाते पुस्तिकाका प्रयोगकर्ता

यस हाते पुस्तिकाका प्रयोगकर्ता स्थानीय तहका सबै नीति निर्माताहरु हुनेछन् । खास गरेर स्थानीय तहको बजेट तथा योजना निर्माणको अधिकारप्राप्त पदाधिकारीहरु (नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिकाका सदस्यहरु, सभासद् तथा वडा सदस्यहरु) स्थानीय तह राजस्व परामर्श समितिका संयोजक तथा सदस्यहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीलाई यो हाते पुस्तिका सहयोगी हुने विश्वास गरिएको छ ।

यस हाते पुस्तिकाको प्रयोग स्थानीय तहको सामाजिक विकास शाखाका प्रमुख र अन्य कर्मचारीका लागि उपयोगी हुने ठानेका छौं । बालमैत्री स्थानीय तह सम्पर्क शाखा वा सम्पर्क व्यक्ति, वडा सचिव, सामाजिक परिचालक, सहायक कर्मचारी, बालमैत्री सहजकर्ता, स्वयंसेवक यसका मुख्य प्रयोगकर्ता हुनेछन् । बालमैत्री स्थानीय शासन अवलम्बन गरिरहेका, बालमैत्री नगर, गाउँपालिका र वडा तह र बालबालिका केन्द्रित योजना छनोट गर्न यस हाते पुस्तिकाको प्रयोग उपयोगी हुनेछ । हाते पुस्तिकाको प्रयोग बालमैत्री स्थानीय शासनलाई सहयोग गर्ने सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्थाहरुले पनि गर्नेछन् ।





## १.४ हाते पुस्तिकाको प्रस्तुति

स्थानीय तहको योजना तथा कार्यक्रम छनोट गर्न आयोजना गरिने बालभेला सञ्चालन र सहजीकरण हाते पुस्तिका चार भागमा लिपिबद्ध गरिएको छ ।

- पहिलो भागमा पृष्ठभूमि र हाते पुस्तिकाको उद्देश्य दिइएको छ ।
- दोस्रो भागमा बालभेला परिचय, स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालभेला तथा बाल सहभागिताको महत्वलाई विश्लेषण र व्याख्या गरिएको छ ।
- तेस्रो भागमा स्थानीय तहको योजना प्रणाली र बलभेलाको जानकारी गराइएको छ ।
- चौथो भागमा बालभेला सञ्चालन प्रक्रिया बालभेलापूर्वको तयारी, बालभेला सञ्चालन प्रक्रिया, बालभेलापछिका कार्यलाई सबिस्तार राखिएको छ ।
- पाँचौं भागमा स्थानीय तहको बालबालिकाकासम्बन्धी योजना कार्यक्रमका लागि स्थानीय तहको कार्यजिम्मेवारी र सरोकारको सम्बोधन प्रक्रियाबारे उल्लेख गरिएको छ ।

# बालभेला परिचय

## २.१ बालभेलाको अवधारणा

विभिन्न प्रयोजनका लागि बालभेला हुने गर्दछ । बालबालिकाहरु एकै स्थानमा भेला भएर सामूहिक वा सार्वजनिक उद्देश्य प्राप्तिका लागि सहयोगात्मक र सिर्जनशील कार्य गर्दछन् भने त्यसलाई बालभेला भनिन्छ । विश्वका विभिन्न मुलुकमा विविध प्रकृतिका बालभेलाको अभ्यास भएको पाइन्छ । खास गरेर राज्यका नीति निर्णयमा बालबालिकाबाट परामर्श लिन बाल संसद्लगायतका बालभेलाको अभ्यास हुने गरेको उदाहरण छ ।

नेपालमा भने सन् १९८० को दशकबाट बालबालिकाका लागि बालबालिकाबाटै (Child to Child) अभियानको गतिविधिसँगै बालबालिकाको सहभागिताको अभ्यास सुरू भएको हो । दहाल बीपी (२०१४) का अनुसार नेपालमा सन् १९८९ तिरबाट यो अभियान सुरू भएको थियो । यही अभियानको प्रेरणास्वरूप बालबालिकाहरु एकै थलोमा भेला भएर सामूहिक वा सार्वजनिक कार्य गर्न सुरू गरेका थिए । सन् १९९० को राजनीतिक परिवर्तनसँगै नागरिकको भेला हुने तथा संगठन खोल्ने र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको नतिजास्वरूप बाल क्लबको पनि विकास प्रक्रिया सुरू भएको थियो । (हार्ट, राजभण्डारी र खतिवडा, १९९७) । परिणामस्वरूप विद्यालय तथा समुदायमा बाल क्लबहरु गठन र परिचालनले तीव्रता पाएको छ ।

नेपाल सरकारले प्रकाशित गरेको आर्थिक वर्ष २०७३/७४ को आर्थिक सर्वेक्षणको विवरणअनुसार देशभरि २२ हजार ६ सय २८ बाल क्लबको गठन र सहजीकरण भइरेहको छ । (अर्थ मन्त्रालय, २०७४) यी बाल क्लबमा २ लाख ६ हजार ४९ बालिका र २ लाख ३१ हजार ७ सय १० बालकको संलग्नता रहेको छ । तर केन्द्रीय बालकल्याण समितिको प्रतिवेदनमा भने नेपालमा करिब २२ हजार बाल क्लब छन्, जसमा ६ लाख बालबालिका संगठित र सक्रिय रहेको (केबाकस, २०७३) उल्लेख छ ।

बालभेला र बाल क्लब पर्यायका रूपमा रहन्छन् । बालभेलाविना बाल क्लबको परिकल्पना गर्न सकिँदैन । बालभेलाबाट बाल क्लबहरूको गठन हुने भएकोले बालभेला र बाल क्लबलाई एकअर्काका परिपूरकका रूपमा लिन सकिन्छ । बाल क्लब तथा बालभेलाको अवधारणात्मक विकासको पृष्ठपोषण भने संयुक्त राष्ट्रसंघीय बालअधिककार महासन्धि १९८९ ले






दिएको छ । नेपालले सन् १९९० मा यो महासन्धि अनुमोदन गरेको थियो । यस महासन्धिको धारा (४) बाल अधिकारको संरक्षण, धारा (१२) बालबालिकाको विचार विचारको सम्मान, धारा (१३) अभिव्यक्तिको स्वतन्त्रता, धारा (१४) विचार तथा धर्मको सम्मान, धारा १५ संगठित हुने स्वतन्त्रता, धारा १६ गोपनीयताको स्वतन्त्रता, र धारा १७ सूचनामा पहुँच बाल सहभागितासँग सम्बन्धित छन् । बालभेला पनि यिनै अन्तर्राष्ट्रिय कानुनको अभ्यासका लागि आकर्षित हुन्छन् ।

नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा ३९ मा बालबालिकाको हकको व्यवस्था छ । यस व्यवस्थाअनुसार धारा ३९ को उपधारा (२) मा सर्वांगीण व्यक्तित्व विकासको हक, उपधारा (३) मा बाल विकास तथा बाल सहभागिताको हकको व्यवस्था छ ।

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा रहेको सीमित संवैधानिक व्यवस्थालाई टेकेर वि.सं २०४८ सालमा बालबालिकासम्बन्धी ऐन जारी भएको थियो । यसले बालबालिकाका अधिकारलाई कानुनी रूपमा स्थापित गऱ्यो ।

नेपालमा बालभेलाको इतिहासको भरपर्दो अभिलेख प्राप्त हुन सकेको छैन । तथापि कास्की जिल्लामा भएको बालभेलालाई पहिलो बालभेला मान्ने गरिएको छ । यो प्रक्रियालाई नेपाल सरकारले बालमैत्री स्थानीय शासनसम्बन्धी राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ जारी गरेपछि बालभेलामार्फत योजना तथा कार्यक्रम छनोट गर्ने पद्धति अवलम्बन गरियो । साविक स्थानीय निकायहरूमा बालबालिकासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्नका लागि समावेशी र सहभागितामूलक पद्धति अवलम्बन गर्ने नीतिगत व्यवस्थाबाट स्थानीय तहमा बालभेला गर्न प्रोत्साहित भएको हो ।

नेपालको संविधानअनुसार स्थानीय तहको अधिकार क्षेत्र र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले पनि स्थानीय तह गाउँपालिका र नगरपालिकामा बालभेलाको आवश्यकतालाई पुष्टि गर्दछ । बालभेला विभिन्न प्रयोजनका लागि हुने गरे पनि स्थानीय तहका इकाइहरूले आयोजना गर्ने बालभेला मूलतः बालबालिकासँग सम्बन्धित योजना छनोट गर्ने प्रक्रिया हो । यस्तो बालभेला नगर तथा गाउँ एवं वडास्तरमा आयोजना गरेर योजना तर्जुमा गर्ने नीतिगत व्यवस्था छ ।

## २.२ बालभेलाको महत्व

बालभेला केवल बालबालिका एक स्थानमा भेला भएर गरिने क्रियाकलापलाई मात्र नभएर बालभेला बालबालिकाको नागरिक अधिकार र हैसियत तथा त्यस हैसियतबाट सिर्जित उनीहरूको सहभागिताको अधिकार उत्तरदायित्वसँग सम्बन्धित रहेको हुन्छ ।

बालभेला निरपेक्ष अभ्यास नभएर यो बालबालिकाको जीवन, राज्य र समाजसँग अन्तरसम्बन्धित हुन्छ । बालभेलामा बालबालिकाले प्राप्त गर्ने सूचना, जानकारी, एक भेगका बालबालिका र अर्को भेगका बालबालिकाबीचको अन्तरघुलन, सम्बन्ध र विचार तथा धारणाको आदानप्रदानले ठूलो महत्वको विषय राख्दछ । यसैको आधारमा शासनमा सहभागी हुने अधिकार र स्थानीय शासनलाई प्रभावित पार्ने स्वस्फूर्त, सचेत, जिम्मेवार र संगठित पहलले पक्कै पनि बालभेलाको महत्वलाई दर्शाउँछ ।

बालभेलाको महत्वबारे चर्चा गरिरहँदा यसको प्रमुख नीतिगत आधारका बारे पनि उठान गर्नुपर्ने हुन्छ । नेपालको संविधानको मौलिक हकअन्तर्गतको धारा ३९ को बालबालिकाको हकअन्तर्गत उपधारा ३ मा उल्लिखित प्रावधान, नेपालको बालबालिकासम्बन्धी नीति, २०६९ को अनुच्छेद ८.४२ र ८.४३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा कार्यान्वयन कार्यविधि, २०६८ सेवा प्रवाहसम्बन्धी सूचकहरूमा तथा बालअधिकार महासन्धिको धारा १२, १३, १५ र १६ को भावना र मुख्य विषय बालभेलामार्फत कार्यान्वयनमा आउने तथ्यबारे जानकार हुनु आवश्यक हुन्छ ।



### नेपालको संविधानको धारा ३९ (३) को व्यवस्था

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

### बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

८.४० जिल्ला तथा समुदायमा गठन गरिने बालबालिकासम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ । बालबालिकासम्बन्धी नीति, ऐन तथा नियममा बालबालिकालाई आफ्नो सरोकारका कुनै पनि विषयमा सुसूचित भई विनाभेदभाव परिवारदेखि राष्ट्रिय तहसम्म अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गरिनेछ ।

८.४२ स्थानीय स्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बालगृह, बालसुधार गृहसमेतमा बालसहभागिता प्रवर्द्धन गर्न बालबालिकाको संगठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइनेछ ।

८.४३ बाल क्लब तथा बाल संस्था दर्ता गर्ने प्रक्रिया सरल गरिनेछ । विद्यालय, समुदाय, बालगृहलगायत बालबालिका सामूहिक र संस्थागत रूपमा रहने क्षेत्रहरूमा बाल क्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाउँ तथा नगरपालिका स्तरमा बाल क्लब सञ्जालहरु विस्तार गरिनेछ । बाल क्लब तथा बालसंस्था सञ्चालनका लागि आवश्यक आचारसंहिता तथा निर्देशिका जारी गर्ने व्यवस्था हुनेछ ।

## बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ अनुसूची १.१ सेवा प्रवाहसम्बन्धी सूचकहरू

**घ) बालसहभागितासम्बन्धी सूचकहरू :**

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्रको विकास गरी सहभागी गराइएको हुनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनेछ ।
- गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा बालसमूहको सञ्जाल गठन भई क्रियाशील रहेको हुनेछ ।
- जिल्ला, गाउँपालिका तथा नगरपालिका तहमा बाल क्लब सञ्जाल गठन भएको हुनेछ ।

## बालअधिकार महासन्धि, १९८९ को धारा १५ को व्यवस्था

१. पक्ष राष्ट्रहरूले बालबालिकाको संगठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्र अधिकारको सम्मान गर्नेछन् ।

२. यी अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताको संरक्षणको हितमा आवश्यक प्रतिबन्धबाहेक अन्य कुनै पनि प्रतिबन्ध लगाउन पाइने छैन ।

बालभेला बालबालिकाको संगठन स्वतन्त्रता र सहभागिताको अधिकारलाई सुनिश्चित गर्ने संयुक्त औजारका रूपमा रूपमा बुझ्दा यी दुवै एकअर्काका परिपूरक देखिन्छन् । संगठन स्वतन्त्रताले बालबालिकाको स्वतन्त्र र सचेत तथा संगठित प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गर्दछ भने सहभागिताले अधिकारको सम्मान र सुनिश्चितताको उपादेयता पुष्टि गर्दछ । संगठन स्वतन्त्रता र सहभागितालाई बालबालिकाको नागरिक अधिकारको रूपमा अध्ययन गर्दा यसले बालबालिकाका निम्ति चार प्रमुख अवसर सिर्जना गर्ने देखिन्छ ।

**(क) नागरिक हैसियत र संलग्नता**: बालभेलाले बालबालिकासम्बन्धी सामुदायिक कार्य, सेवा तथा साथी शिक्षालगायत बालअधिकार र सरोकारका सवालमा सामाजिक अभियन्ताका रूपमा संगठित र सक्रिय हुने अवसर प्राप्त गर्दछन् ।

**(ख) सार्वजनिक निर्णयलाई प्रभावित पार्ने अवसर**: बालभेलाले लोकतान्त्रिक शासन प्रणालीमा संगठित रूपमा विचारको प्रतिनिधित्वलाई मान्यता दिन सहयोग पुग्दछ । बालभेला बालबालिकाको सार्वजनिक निर्णय र सरोकारका विषयमा आफ्ना भनाइ राख्ने उपयुक्त थलो हो ।

**(ग) सामूहिक नेतृत्व प्रणाली स्थापित** : बालबालिका स्थायी रूपमा वा कुनै विशेष उद्देश्यले शान्तिपूर्ण भेला हुनु र सामूहिक संस्था वा समूह स्थापना गर्नु उनीहरूको अधिकारको विषय हो । यसबाट बालबालिकालाई एकआपसमा सहमत भई आफ्नै पहिचानसहितको समूह खडा गर्ने स्वतन्त्रता प्रदान गर्दछ । यस्तो प्रयास वयस्कको भन्दा बिल्कुलै फरक हुन्छ ।

यस्तो अभ्यासले उनीहरूको सामूहिक प्रतिनिधित्वलाई स्वीकार्य बनाउनुका साथै सामूहिक कर्तव्य, जिम्मेवारी, उत्तरदायित्वका बारेमा पनि उनीहरूलाई सचेत गर्दछ ।

**(घ) लोकतान्त्रिक पद्धति तथा संगठन क्षमताको विकास** : बालभेलाले उनीहरूलाई केवल संगठित शक्ति र प्रभावको प्रयोग मात्र गर्न सिकाउँदैन बरू जिम्मेवारीपूर्वक समन्वय गर्न, संगठन व्यवस्थापनका सीप सिक्न र त्यसअनुरूप आफूलाई विकास गर्न मद्दत गर्दछ । तसर्थ बालभेला बालबालिकाको संगठन स्वतन्त्रता, बालबालिकाका लागि अनुशासन, एकता, विविधताको सम्मान र व्यवस्थापनका सवालमा सामूहिकीकरण र फरक मतको संरक्षण र सम्मान गर्ने सिकाउने शान्तिपूर्ण लोकतान्त्रिक अभ्यासको मञ्च हुन सक्दछ । बालभेलाले बालबालिकालाई राजनीतिक




पहिचान र सामाजिक सम्मान प्रदान गर्न मद्दत पुऱ्याउँछ । साथै, सामाजिक शक्ति संरचनामा शक्ति सन्तुलन, अल्पसंख्यक समुदायको पहिचान र असल साँस्कृतिक अभ्यासको संरक्षण र सम्वर्द्धन गर्ने अवसर पनि प्रदान गर्दछ ।

**(ङ) बालबालिकाको सञ्चारमाध्यममा सक्रियता**: बालभेलामार्फत बालबालिकाले आफ्ना विचार र दृष्टिकोणलाई व्यवस्थित र स्वीकार्य रूपमा सञ्चारमाध्यमबाट प्रस्फुटन गर्न र आमनागरिक, नीति निर्माता तथा जिम्मेवार अग्रजसम्म पुऱ्याउन सक्दछन् । एक्लाएक्लै बालबालिकाले यस्ता अवसर कमै मात्रामा पाउन सक्छन् र त्यसको स्वीकार्यता पनि कम हुन्छ ।

**(च) स्थानीय सरकारलाई सहयोग** : बालभेलामार्फत स्थानीय तहको योजना छान्ने प्रक्रियाले बालबालिकालाई मात्र नभएर स्थानीय सरकारलाई पनि सहयोग पुग्छ ।

- बालभेलामा बालबालिकाका सवाल निर्धारण भई प्राथमिकतासाथ आउँछन् ।
- बालबालिकाका सम्बोधन गर्नुपर्ने विषय/सवालहरू समावेश गरिएको लिखित प्रतिवेदन सेवाप्रदायकले प्राप्त गर्न सक्छन् ।
- बालभेलाबाट बालबालिकासम्बन्धी योजना प्राथमिकतासहित प्राप्त हुन्छ ।
- यही प्राथमिकता लिएर बालबालिका स्थानीय निर्णय प्रक्रियासम्बन्धी बैठक, गोष्ठीमा जाने र आफ्ना विषयवस्तु प्रभावकारी रूपमा राख्न सक्ने हुन्छन् ।
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सुदृढ हुन्छ र बालबालिकाका सवालको उचित सम्बोधन हुन्छ ।

## २.३. नेपालमा बालभेलाको अभ्यास

नेपालमा बालभेलाको अभ्यास बाल समूहको गठनबाट सुरू हुन्छ । यस्तो अभ्यास प्रारम्भ भएको पनि करिब ३ दशक उकालो लागेको छ । २०४६ को राजनीतिक परिवर्तनसँगै नागरिकले संघ-संगठन खोल्ने स्वतन्त्रताको अभ्यास गरेका थिए ।

अहिले मुलुकभर करिब २३ हजार बाल क्लब गठन भएको तथ्यांक छ । स्थानीय तह, समुदाय विद्यालयमा बाल क्लबको सक्रियताले साामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुगेको छ । मीरेष्ट नेपालले अनुसन्धानका आधारमा प्रकाशन गरेको 'बालमैत्री

स्थानीय शासनका असल अभ्यास- (२०७३)’ नामक पुस्तकका अनुसार, बालबालिका कारण स्थानीय तहको जवाफदेहिता र पारदर्शिता बढेको दर्शाइएको छ ।

मूलतः स्थानीय तहको योजना र कार्यक्रम निर्माण गर्न गरिने बालभेला उपयोगी र अर्थपूर्ण भएको पाइन्छ । बालभेलामार्फत छानिएका योजना गुणस्तरीय भएको, आवश्यकताका आधारमा बालबालिकाले योजना छान्ने गरेको र कार्यान्वयनमा पनि बालबालिकाको अपनत्वको विकास भएको अध्ययनले देखाएको छ । धेरै स्थानीय तहमा बालबालिकाले छनोट गरेका योजना बालअधिकार र बालमैत्री शासनका सूचक पूरा गर्न उत्प्रेरित गर्ने प्रकारका छन् । यदाकदा बालबालिकाले आफ्नो दायराभन्दा पनि फराकिलो भएर समग्र स्थानीय शासनमाथि आफ्ना अभिव्यक्ति राख्ने गर्दछन् । यसलाई अन्यथा लिनुपर्ने कारण छैन । तर हालसम्म बालभेलाबाट योजना छान्ने परिपाटीले स्थानीय सरकारलाई काम गर्न सजिलो भएको र समुदायसम्म बालअधिकार फैलाउन सहज भएको भनाइ सुनिँदै आएको छ ।

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयोजनमा बालभेलामार्फत योजना छनोट गर्ने नीति लिएपछि मुलुकका स्थानीय निकाय बालमैत्री स्थानीय शासन घोषणा गर्न सफल भएको र यसबाट परिणाम सकारात्मक निस्किएको देखिन्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मातहतमा सञ्चालन भएको स्थानीय विकास तथा सामुदायिक विकास कार्यक्रममार्फत सञ्चालन भएको सामाजिक परिचालन कार्यक्रमले पनि यसका लागि सहयोगी भूमिका खेलेको पाइन्छ ।

तत्कालीन अवस्थामा स्थानीय निकायको १४ चरणको योजना तर्जुमा प्रक्रियामा बालभेलालाई आबद्ध गरिएकोमा स्थानीय तहको ७ चरणको योजना तर्जुमा प्रक्रियामा कानुनी र नीतिगत रूपमा समावेश गरी



सकिएको छ । यो नयाँ व्यवस्थाअनुसार धेरै स्थानीय तहमा बालभेला सम्पन्न भइसकेका छन् । बालभेलाले छानेका योजनालाई स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्ने गरिएको छ ।

तथापि बालभेलामा समावेशी चरित्रलाई आत्मसात् गर्न नसक्दा अत्यन्त सीमान्तकृत र अपांगता भएका बालबालिकाको पहुँच, प्रतिनिधित्व र सहभागिताको पक्ष कमजोर देखिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ । कतिपय अवस्थामा बाल क्लबको नेतृत्व प्रणाली, क्षमता विकासका पाटो पनि नतिजामूलक नरहेको देखिन्छ । बालभेला अगाडि नै बाल क्लबको गठन प्रक्रियादेखि नै पर्याप्त अभिमुखीकरणको अभाव र बालअधिकारसम्बन्धी जानकारी गराउने सहजीकरण प्रक्रियामा कमी-कजोरी भएकाले बालभेलामा प्राथमिकतामा आधारित नभई तत्कालको आवश्यकतामा आधारित भएर खेल सामग्रीजस्ता माग आउने परिपाटी पनि देखिन्छ ।

बालभेलामा समयको समायोजन अर्को चुनौतिपूर्ण अवस्था छ । बालभेलामा प्रयोग गरिने औजार धेरै भएको र ती सबै औजारको प्रयोग गर्दा समय व्यवस्थापन कठिनाइ परेको अनुभव छ । यसलाई व्यवस्थापन गर्न विराटनगरमा तीनदिने बालभेला हुने गरेको अभ्यास छ । यसैगरी केही स्थानीय तहमा समयका कारण बेग्लाबेग्लै समूहलाई बेग्लाबेग्लै औजारको प्रयोग गरेर ल्याउन दिने र बालभेलालाई केवल औपचारिकता निर्वाह गर्न मात्र आयोजना गरिन्छ । यसप्रकारका विकृति हटाउन आवश्यक छ ।

## २.४. बालभेलाका प्रकारहरू

सामान्यतया बालबालिकाहरु एकै स्थानमा भेला भएर कुनै कार्य सम्पादन गर्दछन् भने त्यसलाई बालभेला भन्ने गरिए पनि बालभेला विभिन्न उद्देश्य र प्रयोजनका लागि सम्पन्न गरिन्छन्, जसलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

### (क) कार्यक्रमिक बालभेला

निश्चित भूगोलका बालबालिकालाई एक स्थानमा भेला गराई खेल, मनोरन्जनात्मक कार्य गर्ने वा विशेष प्रकारको जानकारी प्रदान गर्न बालभेला आयोजना गरिने प्रचलन छ । यस्तो बालभेलामा विभिन्न स्थानका बालबालिका एकै स्थानमा भेला भएर खेलको प्रतिस्पर्धा, सांगीतिक तथा गीति प्रतिस्पर्धा वा प्रतिभाको प्रदर्शन गर्न यसप्रकारको बालभेला आयोजना गरिन्छ । बालभेलामा जस्तो यसप्रकारका कार्यक्रममा बालबालिका आफैले निर्णय गर्ने अधिकार प्राप्त नगर्ने भएकोले यस्ता कार्यलाई बालभेला नभनेर कार्यक्रम भन्नु उपयुक्त हुन्छ । बालकविता प्रतियोगिता, बालगीत सम्मेलन, अन्तरविद्यालय वक्तृत्व प्रतियोगिता, बेचबिखनविरूद्ध बालिका सम्मेलन, बालबालिकाको क्षमता विकास कार्यक्रम, सरसफाइसम्बन्धी बालबालिकालाई प्रशिक्षण कार्यक्रम यसअन्तर्गत पर्दछन् ।

### (ख) बाल समूह गठनका लागि बालभेला

बालभेला बाल क्लबको उपस्थितिविना सम्भव हुँदैन । यसैले हरेक इकाइमा बाल क्लब गठन गर्ने उद्देश्यले बालभेलाको आयोजना गर्नुपर्दछ । यस्तो बालभेला फरक-फरक पृष्ठभूमिमा फरक सहभागिता जुटाउन आवश्यक हुन्छ । नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडाभित्र बालभेला गरेर बाल समूह गठन गर्न सकिन्छ ।

### १ समुदायमा आधारित बालभेला

यस्ता बाल समूहले सम्बन्धित भूगोलभित्रका निश्चित उमेर, लिंग, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकालाई एकै स्थानमा भेला गरी बाल समूह (बाल क्लब) गठन गर्ने प्रयोजनका लागि बालभेला आयोजना गर्ने गरिन्छ । यस बालभेलाको मूल उद्देश्य नेतृत्व चयन र समुदायमा देखिएका बालबालिकाका समस्याको पहिचान गर्ने हो । यसैबमोजिम बालभेला सम्पन्न गर्नुपर्दछ ।

### २ विद्यालयमा आधारित बालभेला

कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर बाल समूह गठन गर्न विद्यालयमा आधारित बालभेला गरिन्छ । यस्तो बालभेलामा उक्त विद्यालयमा भर्ना




भएका निश्चित उमेर समूहका बालबालिकालाई मात्र सहभागी गराइन्छ ।

## ३ विषयगत बालभेला

समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयमा आधारित रहेर पनि बाल समूह गठन गर्ने प्रयोजन र सवालमा केन्द्रित विषयगत वकालत गर्न बालभेला आयोजना गर्न सकिन्छ । बालिकाहरूको सवालमा मात्र काम गर्न, जलवायु परिवर्तन र एचआइभी/एड्सजस्ता विषयमा कार्य गर्न इच्छुक बालबालिकाको समूह बनाउन बालभेला आयोजना गर्न सकिन्छ । यस्तो बालभेला विद्यालयस्तरीय बाल समूह वा गाउँ वा नगरस्तरीय सञ्जालको उपसमितिका रूपमा पनि विषयगत समूह बनाउने उद्देश्यले आयोजना गर्न सकिन्छ ।

## ४ बाल सञ्जाल गठन गर्न बालभेला

स्थानीय गाउँ वा नगर तथा वडामा सूचीकृत भएका बाल समूह (बाल क्लब)को सञ्जाल निर्माणका लागि बालभेला आयोजना गर्ने गरिन्छ । निश्चित भूगोलभित्रका बाल समूहका प्रतिनिधि यस भेलामा सहभागी भई नेतृत्व चयन र बालमैत्री अभियानलाई साथ-सहयोग गर्ने तथा एकआपसका सरोकारलाई सामूहिकीकरण गर्ने गर्दछन् । यस्ता बालभेलामा तोकिएको भूगोलभित्रका सबै प्रकारका बाल समूहको सहभागिता आवश्यक पर्दछ ।

## ग) स्थानीय तहको योजना छान्न बालभेला

बालभेला उद्देश्यमूलक र व्यवस्थित हुनुपर्दछ । त्यसैले पछिल्लो समयमा देशैभरि बालभेला आयोजना गर्ने प्रचलन बढ्दो छ । साविक अवस्थामा स्थानीय निकायको योजना तथा कार्यक्रम छनोट गर्न बालभेला आयोजना गरी बालबालिकाले पहिचान गरेका सवाल र समस्यालाई सम्बोधन गर्ने गरी तत्कालीन स्थानीय निकायहरूले वार्षिक कार्यक्रम तथा योजना छनोट गर्ने अभ्यासलाई संस्थागत गरेका थिए । स्थानीय तहको पुनर्संरचनापछि पनि यो अभ्यासलाई धेरै स्थानीय तहले निरन्तरता दिएका छन् । नीतिगत र कानुनी रूपमा पनि यसको व्यवस्थापन गरिएको छ । बालभेला आयोजना गर्दा निश्चित प्रक्रिया अपनाएर व्यवस्थित गरिनुपर्दछ । ■■■

# स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियामा बालभेला

## ३.१. स्थानीय तहको योजना

योजना भनेको व्यवस्थापनसँग सम्बन्धित हुन्छ । कुनै पनि लक्ष्य प्राप्त गर्न व्यवस्थित ढंगले अगाडि बढ्ने र त्यसलाई कार्यान्वयन गरी सोचेजस्तो नतिजा हासिल गर्न सुरुमै तयार पारिने कार्यतालिकालाई सामान्यतः योजना भनिन्छ । योजना बनाउँदा साधन, स्रोत, उपाय खोज्ने गरिन्छ । यसको पूर्व तयारी नै योजना हो । योजना निर्माण गर्दा के, कुन, कहिले, कहाँ, कसरी, जस्ता ७ क जवाफ आउनुपर्दछ । कुन काम गर्ने, किन गर्ने, कुन-कुन काम कहिले-कहिले गर्ने, कसले गर्ने वा कुन तहमा कसको जिम्मेवारी हुन्छ, कहाँ गर्ने, कुन कार्य गर्नका लागि के-कस्ता सूचनाको आवश्यकता पर्दछ र कस्ता साधन चाहिन्छन्, ती साधन कहाँबाट जुटाउने, कार्य गर्दा के- कस्ता समस्या आइपर्छन् र ती समस्याको सामना कसरी गर्ने ? आदि कुराको जवाफ खोजिन्छ । बालभेलाबाट संकलन भएका सवाल र समस्यालाई पनि यिनै प्रश्नको सेरोफेरोमा जवाफ समेटेर योजना बनाउनुपर्छ ।

बालबालिकाले कस्तो समस्यालाई अभिव्यक्त गरेका छन् र यसाट कस्तो परिवर्तनको अपेक्षा गर्दछन् ? सो परिवर्तन प्रक्रिया कस्तो हुनु पर्छ ? परिवर्तन प्रक्रियामा विभिन्न सरोकारवालाको भूमिका कस्तो-कस्तो हुन्छ ? अपेक्षित परिवर्तित अवस्थाका सूचक के-के हुन् ? आदि विषयमा विस्तृत छलफल गरी परिवर्तन प्रक्रियाको एक खाका वा स्वरूप तयार पारिन्छ । यसै स्वरूपलाई योजना भनिन्छ । योजना निर्माण गर्दा तीन अवस्थाको विश्लेषण गर्नुपर्दछ ।

| वर्तमान अवस्था | योजना | भविष्यमा आउने प्रतिफल |
|---|---|---|
| वर्तमान अवस्थाका बारे वस्तुगत विवरण संकलन हुन्छ । यो विवरणले वर्तमान अवस्थाको झलक दिन्छ । | योजनाको स्वरूप | योजनाबाट हुन सक्ने परिवर्तन |
| ■ उपलब्ध स्रोतहरुः (प्राकृतिक, सामाजिक, मानवीय, आर्थिक आदि)<br>■ अवसरहरु : स्थानीय तहको नीतिगत व्यवस्था, तत्परता आदि ।<br>■ समस्याहरुः : बाल भेलाले उठाएका समस्याहरु<br>■ भावनाः बाल अधिकारसम्बधी स्थानीय नागरिकको बुझाइको स्तर ।<br>■ सहयोगी पक्ष : स्थानीय तहका संस्था तथा संरचना । | परिवर्तन गर्नुपर्ने कुराहरु : के-कस्तो परितृन गर्ने ?<br>भविष्यको अवस्था : परिवर्तित अवस्थाको सूचक<br>प्रक्रिया : परिर्तनका लागि आवश्यक प्रक्रियाको रूप<br>स्वरूपः परिवर्तनको स्वरूप<br>भूमिका : कसको भूमिका के रहने स्पष्ट ।<br>प्रेरणा : परिवर्तनका लागि चाहिने जाँगर, जोश तथा तत्परता | ■ बालअधिकार सुनिश्चित भएको परिवर्तित अवस्था<br>■ बालअधिकार सुनिश्चित भएपछि बालबालिकाको अवस्था<br>■ स्रोतको परिचालित अवस्था (मानवीय, सामाजिक, प्राकृतिक, आर्थिक, आदि स्रोतको परिचालित अवस्था)<br>■ परिवर्तनको परिणाम : बालबालिकाको अवस्थामा आएको परिवर्तन - परिवार तहमा, समुदाय तहमा, स्थानीय सरकारको कार्य प्रक्रियामा आएको परिवर्तन । |

## ३.२ बालअधिकारमा आधारित योजना तर्जुमा

### ३.२.१ बालअधिकार के हो ?

रूचि, चाहना, सोच, शैली र व्यवहार तथा शारीरिक, मानसिक, संवेगात्मक एवं भावनात्मक अवस्था बालबालिकाको फरक हुन्छ । बालबालिकाको हरेक कुरामा धारणा वयस्कको भन्दा फरक हुन्छ । तसर्थ, वयस्कले बालापनको पहिचान र सम्मान गरिनुपर्दछ । बालबालिकाको पनि नागरिक हैसियत हुनुपर्दछ । उनीहरूको सरकारसँगको सम्बन्ध र उनीहरूप्रति सरकारले गर्ने व्यवहार अन्य नागरिकसरह हुनुपर्दछ ।

बालबालिका बढी संवेदनशील हुन्छन् । उनीहरूका भिन्नै खालका आवश्यकता हुन्छन् । अलग सामाजिक, भावनात्मक र शारीरिक आवश्यकता हुन्छन् । वर्तमान अवस्थामा बालबालिकामाथि विविधखाले दुर्व्यवहार भइरहेका छन् । घर, विद्यालयमा हुने पिटाइदेखि, बेचबिखन, यौन दुर्व्यवहार, यौन शोषण, श्रम शोषणसम्मका दुर्व्यवहार हुने गरेका छन् । कतिपय अवस्थामा समाजमा बालबालिकालाई पूर्ण मानवको रूपमै स्वीकार गरिएको हुँदैन । बालकको तुलनामा बालिकामाथि थप उत्पीडन रहेको अवस्था पनि छ ।

नेपाली समाजमा बालालिकाका कुरा सुनेर उनीहरूको रूचि र अपेक्षालाई सुनिने प्रचलन नेपालमा कम छ । बरू उनीहरूलाई सानो ठानेर हेप्ने गरेको र उनीहरूको भावनामा ठेस पुऱ्याउने गरेको पाइन्छ ।

बालबालिकाका पनि अधिकार हुन्छन् । बालबालिकालाई जहिले पनि अपरिपक्व र शोषणबाट पीडित समुदायका रूपमा नहेरी समसामयिक विषयमा सूचना राख्ने समुदायका रूपमा पहिचान र सम्मान गरिनुपर्दछ । बालबालिकाले विशेष हेरचाह, माया-ममता, स्याहार र संरक्षण पाउनुपर्दछ । यो उनीहरूको अधिकार हो ।

नेपाल आफैमा विविधता भएको मुलुक हो । कतिपय अवस्थामा सानो उमेरका, जोखिममा परेका र सामाजिक संरक्षणबाट वञ्चित भएका बालबालिकाले आफ्नो अधिकारको दाबी गर्न सक्दैनन् । उनीहरूको अधिकारलाई संरक्षण गर्नुपर्ने हुन्छ । बालबालिका अधिकारको संरक्षण गर्नु वयस्कको जिम्मेवारी हो । संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, सन् १९८९ मा उल्लिखित बालअधिकारलाई सरल तरिकाले बुझ्न यसलाई चार समूहमा राखेर हेर्न सकिन्छ । यी बालअधिकारका चार समूह एकआपसमा अत्यन्त सम्बन्धित र परिपूरक छन् । यी सबै अधिकार प्रत्येक बालबालिकाले विनाभेदभाव पाउनुपर्छ ।

**(क) बाँच्न पाउने अधिकार** : बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाले विशेष स्याहार पाउनुका साथै बालबालिकाको सुरक्षित रूपमा जन्म हुनुपर्दछ । जन्मेपछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचारलगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ ।

**(ख) संरक्षण पाउने अधिकार** : प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एवं हानिकारक काम तथा युद्धमा संलग्न हुनुपर्ने स्थिति, ओसारपसार तथा बेचबिखन र बाबुआमाबाट अलग्गिनुपर्नेलगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनुपर्छ । अपांगता भएका तथा परिवारविहीन बालबालिकाका निम्ति विशेष व्यवस्था हुनुपर्छ । सम्पूर्ण बालबालिकालाई कानुनी संरक्षण प्राप्त हुनुपर्छ ।

**(ग) विकास गर्न पाउने अधिकार** : स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने, बाबुआमाको समान माया ममता पाउने, उचित स्वास्थ्योपचारलगायत बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निम्ति आवश्यक पर्ने सुविधा र अवसर सबै बालबालिकाले पाउनुपर्छ ।

**(घ) सहभागी हुन पाउने अधिकार** : बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्माण गर्दा र उनीहरूको विकासका लागि कुनै पनि निर्णय हुँदा आफ्नो विचार व्यक्त गर्ने अवसर पाउनुपर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर

र परिपक्वताअनुसार त्यसलाई उचित मान्यता पनि दिइनुपर्दछ । रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलापमा विनाभेदभाव सहभागी हुन पाउने, बालबालिकाको क्लब, समूह खोल्न वा सहभागी हुन पाउनेलगायतका अधिकार सबै बालबालिकाले पाउनुपर्छ ।

## ३.३ बालअधिकारमा आधारित योजना

बालबालिकाकाले ती अधिकारसँग सम्बन्धित समस्या भोगी रहनुपरेको छ भने त्यसलाई बालबालिकाका सवाल वा मुद्दा भनेर बुझिन्छ । तिनै सवालको पहिचान बालभेलाबाट गरी तिनको समाधान गर्न र बालअधिकारलाई सुनिश्चत हुने गरी तयार पारिने योजना नै 'बालअधिकारमा आधारित योजना' हो । मूलतः बालअधिकारका आधारभूत सिद्धान्त यसप्रकार छन् :

- कुनै पनि बालबालिकालाई कुनै पनि आधारमा भेदभाव गर्नुहुँदैन ।
- हरेक कार्यमा सबैले बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने हुन्छ ।
- बालबालिकाको जीवन र विकासलाई सुनिश्चितता गरिनुपर्दछ ।
- सबै तहमा बालबालिकाको विचार, भावनाको सम्मान र कदर गरिनुपर्दछ ।
- सबै प्रकारका बालालिकाले घर नजिकमै सम्भव सबै सेवा उपलब्ध गराइनुपर्दछ ।
- सबै प्रकारका बालबालिका.समान रूपमा समावेश हुन पाउने समावेशी अधिकार अंगीकार गरिनुपर्दछ ।
- समुदायमा आधारित अधिकारको प्रयोगको प्रबन्ध गरिनुपर्दछ ।

स्थानीय तह नेपालको संविधानअनुसार राज्यका संरचना हुन् । संविधानको धारा ५६ अनुसार संघ, प्रदेशहरूले झैं स्थानीय तहले पनि राज्यशक्तिको प्रयोग गर्नेछन् । स्थानीय तहका गाउँपालिका, नगरपालिका नै राज्यशक्तिका प्रयोगकर्ता हुन् । स्थानीय तहले प्रयोग गर्ने राज्यशक्तिको अधिकारलाई संविधानको अनुसूची ८ मा व्यवस्थित गरिएको छ, जहाँ २२ वटा अधिकारको सूची लिपिबद्ध छ । यसरी नै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको १५ वटा साझा सूचीको व्यवस्था छ । यी अधिकारका सूचीलाई नेपाल सरकारले व्याख्या गर्दै कार्य विस्तृतीकरण प्रतिवेदन सार्वजनिक गरेको छ । जसअनुसार स्थानीय तहको अधिकार क्षेत्र केवल अनुसूची ८ र ९ मा सीमित नभई मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, राज्यका नीतिसम्बन्धी धाराहरू पनि आकर्षित हुने व्याख्या गरेको छ ।



स्थानीय तहले स्थानीय बजेट, वित्तीय व्यवस्थापन र योजना पद्धतिका बारे पनि संविधानले बोलेको छ । संविधानको भाग १९ को अधीनमा रही स्थानीय सरकारले राजस्व तथा व्यय अनुमान स्थानीय नगर तथा गाउँसभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । यो प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले योजना तर्जुमा प्रक्रियाका बारेमा स्पष्ट बोलेको छ । स्थानीय तहको योजना प्रणाली सहभागितामूलक हुने र टोल वा बस्तीस्तरबाट योजना छनोट गरी वडाबाट प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । *गाउँपालिका तथा नगरपालिकाहरूले समुदायस्तर, बस्तीस्तर, वडास्तर तथा गाउँस्तर वा नगरस्तरमा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी आगामी आर्थिक वर्षका लागि योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्नेछ ।*

## चार्ट ३.१ स्थानीय तहको योजना तर्जुमा समय तालिका

| | | |
|---|---|---|
| १ | संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | वैशाख |
| २ | स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | वैशाख 30 गते |
| ३ | बस्ती तथा टोलस्तरबाट योजना छनोट गर्ने | जेठ १५ गते |
| ४ | वडास्तरीय योजना प्राथमिकीकरण | जेठ २५ गते |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी | असार १0 गते |
| ६ | गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेस गर्ने | असार १0 गते |
| ७ | गाउँ नगरसभाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति | असार 30 गते |

स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित बनाउन सरकारले स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन जारी गरेको छ । यो दिग्दर्शनअनुसार स्थानीय सरकारहरूले ७ चरणको योजना प्रणाली अपनाउनुपर्दछ ।

## योजनाको चरणबद्ध कार्यतालिका यसप्रकार हुनेछ

**पहिलो चरणः** स्थानीय तहको पहिलो चरण संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका प्राप्त गर्नु हो । यो चरणमा स्थानीय तहलाई संविधानको धारा ६० को उपधारा ४ र ५ बमोजिम वित्तीय समानिकरण अनुदान प्राप्त गर्ने अधिकार छ । यसैगरी स्थानीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय हस्तान्तरणमार्फत प्राप्त गर्ने स्रोतको पहिचान गर्ने अधिकार छ । यसैगरी संघीय सञ्चित कोषबाट सशर्त अनुदान, समपूरक अनुदान, वा अन्य विशेष अनुदान प्राप्त गर्ने अधिकार छ । यी सबै सम्भावित अनुदान र वित्तीय हस्तान्तरणका खाका र यसका मार्गदर्शन वैशाखको पहिलो साताभित्र स्थानीय तहले प्राप्त गरेपछि स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सुरू हुन्छ ।

**दोस्रो चरण :** यस चरणमा स्थानीय सरकारको विशेष क्रियाशीलता आवश्यक पर्दछ ।

- सबैभन्दा पहिले स्थानीय तहको वस्तुगत विवरण आवश्यक पर्छ । यस्तो विवरणमा भौगोलिक, सामाजिक र आर्थिक पूर्वाधारलगायतको यथार्थ विवरण चाहिन्छ ।
- गाउँपालिका वा नगरपालिकाको उपाध्यक्ष वा उप- प्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरिन्छ । यो समितिले राजस्वका स्रोत, दायरा र दरको समेत प्रस्ताव गर्नेछ ।
- गाउँ/नगरका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुन्छ । यो समिति पनि ७ सदस्यीय हुनेछ । यो समितिले पहिलो चरणमा प्राप्त हुने वित्तीय हस्तान्तरणको खाका, राजस्व समितिको प्रतिवेदन, आन्तरिक ऋणलाई स्रोत र साधनको प्रक्षेपित खाका तयार गर्नेछ । यो समितिले विषयगत क्षेत्रको सीमा, कार्यक्रमको प्राथमिकीकरण र विषयगत क्षेत्रलाई मार्गदर्शन तयार गर्नेछ । यो समितिले वडा तह र बस्तीस्तरमा योजना छनोटको मोडालिटी र बस्तीस्तरको योजना छनोटको मितिसमेत तय गरी सूचना जारी गर्नेछ ।

**तेस्रो चरण**: तेस्रो चरणमा बस्ती, टोलस्तरबाट योजना छनोट गर्ने हो ।

- एक वडाभित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन् । यस्ता टोलहरु वडाले आवश्यक मात्रामा क्लस्टर बनाएका हुन्छन् । यस्तो वडाभेलामा बस्तीस्तरका सबै नागरिकलाई भेलामा जम्मा गरिएको हुन्छ ।
- यो बस्तीस्तरीय भेला आयोजना गर्न वडा सदस्यको नेतृत्वमा टोली खटाइएको हुन्छ ।
- बस्ती तथा टोलको योजना छनोटमा सबै समुदायको अर्थपूर्ण सहभागिताको व्यवस्था गर्नुपर्दछ । बालबालिकाको पनि बेग्लै भेला गराउनु अर्थपूर्ण हुन्छ ।

**चौथो चरणः** वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रसमेत छुट्याएर प्राथमिकता दिनुपर्दछ । यो प्रक्रियामा बालाबालिकासँग सम्बन्धित कार्यक्रम वडास्तरीय बालभेलाबाट प्राथमिकीकरण गर्नुपर्दछ ।

**पाँचौं चरण :** वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुंगो लगाउन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा विषयगत शाखा प्रमुखहरु सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति हुन्छ । यो समितिले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद, संस्थागत पूर्वाधार, वित्तीय व्यवस्थापनसम्बन्धी विषयगत सूची तयार गर्नेछ । यस्तो सूचीमाथि बेग्लाबेग्लै कार्यसमूहमा छलफल गराइन्छ । यी सबै प्रक्रिया पूरा गरेपछि स्थानीय तहको वार्षिक आयोजना तथा कार्यक्रमको प्रस्ताव तयार हुन्छ ।

**छैटौं चरण:** गाउँ तथा नगरपालिकाको कार्यपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेस गरेका वार्षिक कार्यक्रम नगर तथा गाउँसभामा पेस गर्न स्वीकृति प्रदान गर्ने कार्य यस चरणमा सम्पन्न हुन्छ ।


**सातौं चरण:** सातौं तथा अन्तिम चरणमा यसरी पेस भएको नीति र कार्यक्रम नगर/गाउँसभाले दफावार छलफल गरी पारित गर्नेछ । पारित भएका कार्यक्रम अन्तिम हुनेछ भने यो साउनदेखि कार्यान्वयनमा आउने व्यवस्था गरिएको छ ।

## बालभेला र योजना तर्जुमा प्रक्रिया

स्थानीय तहको योजना छनोट गर्न बालभेला एक सहभागितामूलक प्रक्रियाको अभिन्न अंग हो । बलबालिकासँग सम्बन्धित योजना छनोटका लागि सम्भव भएसम्म बस्ती वा टोलस्तरमा र सम्भव नभए वडास्तरमा बालभेलाको आवश्यकता पर्दछ । समयसीमाका हिसाबले हरेक वर्षको जेठ २५ भित्र बालभेला गरिसक्नुपर्दछ ।

बालभेलाका सहभागी र बालभेलाका प्रक्रियाहरु अर्को परिच्छेदमा विश्लेषण गरिएको छ ।

### चार्ट ३.२ स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया र बालभेला



भाग ४



# बालभेला सञ्चालन प्रक्रिया

## ४.१. बालभेलासम्बन्धी नीतिगत व्यवस्था

बालभेला विभिन्न प्रयोजनका लागि हुने भए पनि स्थानीय तहको योजना छनोट प्रक्रियामा बालभेलाको महत्व विशेष हुन्छ । त्यसै पनि बालबालिकाहरु स्थानीय शासन प्रक्रियाका लाभग्राही, साझेदार र सोझो अर्थमा भन्ने हो भने सेवाग्राही नागरिक हुन् । यसैले स्थानीय सरकारले बालबालिकाको क्षेत्रमा गर्ने लगानीलाई प्रतिफलमुखी र परिणाममुखी बनाउन उनीहरुकै सहभागितामा छनोट गर्नुपर्दछ । स्थानीय तहको योजना छनोट प्रक्रिया सहभागितामूलक हुने र यो प्रक्रियामा बालबालिकाको सहभागिताको समेत अपेक्षा गरिएको हुँदा बालभेलाको अभ्यासलाई स्थानीय शासनले सँगै लगेको बुझ्न सकिन्छ । बालभेलासम्बन्धी नीतिगत व्यवस्था यसप्रकार छन् :

### बालभेला तथा बाल सहभागितासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरू

**(अ) नेपालको संविधानको धारा ३९ (३)**

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

**(आ) बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९:**

८.४० जिल्ला तथा समुदायमा गठन गरिने बालबालिकासम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ । बालबालिकासम्बन्धी नीति, ऐन तथा नियममा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सुसूचित भई विनाभेदभाव परिवारदेखि राष्ट्रिय तहसम्म अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गरिनेछ ।

८.४२ स्थानीय स्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बालगृह, बालसुधार गृहसमेतमा बालसहभागिता प्रवर्द्धन गर्न बालबालिकाको संगठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइनेछ ।

८.४३ बाल क्लब तथा बाल संस्था दर्ता गर्ने प्रक्रिया सरल गरिनेछ । विद्यालय, समुदाय, बालगृहलगायत बालबालिका सामूहिक र संस्थागत रूपमा रहने क्षेत्रमा बाल क्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाउँ तथा नगरपालिकास्तरमा बाल क्लब सञ्जालहरु विस्तार गरिनेछ । बाल क्लब तथा बाल संस्था सञ्चालनका लागि आवश्यक आचारसंहिता तथा निर्देशिका जारी गर्ने व्यवस्था हुनेछ ।

**(इ) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ को दफ ३४.४**

बालबालिकासँग सम्बन्धित सवालहरूमा स्थानीय तहको योजना चक्रका हरेक चरणमा र स्थानीय स्तरमा हुने संरचनामा बालबालिकालाई

परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारका साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिनेछ ।

**(ई) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७० को अनूसूची ५ अनुसार**

बाल सहभागिताअन्तर्गत बालभेलाको संख्या, बालबालिकाको सहभागिताको स्थिति र बालभेलाले माग गरेका तथा स्वीकृत गरेका योजनाको विवरण संयुक्त अनुगमन फाराम भर्नुपर्ने व्यवस्था गरिएको छ ।

**(ओ) बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ अनुसूची १.१ सेवा प्रवाहसम्बन्धी सूचकहरु**

**घ) बालसहभागितासम्बन्धी सूचकहरु :**

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्रको विकास गरी सहभागी गराइएको हुनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनेछ ।
- गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा बाल समूहको सञ्जाल गठन भई क्रियाशील रहेको हुनेछ ।
- जिल्ला, गाउँपालिका तथा नगरपालिका तहमा बाल क्लब सञ्जाल गठन भएको हुनेछ ।

(औ) बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ को दफा २६ मा भएको व्यवस्था

(१) स्थानीय तहबाट हुने योजना निर्माण चक्रमा बाल समूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडास्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरुको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) गाउँस्तर/नगरस्तर वा जिल्लास्तरमा तोकिएको प्रक्रियामा बालभेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाका निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै



सार्वजनिक सूचना जारी गर्न सकिनेछ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

**(अ) बालअधिकार महासन्धि, १९८९ को धारा १५**

१. पक्ष राष्ट्रहरूले बालबालिकाको संगठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारको सम्मान गर्नेछन् ।

२. यी अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रता संरक्षणको हितमा आवश्यक प्रतिबन्धबाहेक अन्य कुनै पनि प्रतिबन्ध लगाउन पाइने छैन ।

## ४.२. बालभेलाका चरणहरू

बालभेला आयोजनाका तीन चरण हुन्छन् । तीनै चरणमा बालभेला आयोजना गर्ने स्थानीय तहको सामाजिक विकास शाखा वा बालमैत्री सम्पर्क व्यक्तिका विशेष जिम्मेवारी हुन्छन् । जो यसप्रकार छन् :




### ४.२.१ बालभेला पूर्वको तयारी

स्थानीय तहमा योजना छनोट वा अन्य प्रयोजनका लागि बालभेला आयोजना गर्न विशेष तयारी गर्नुपर्दछ । योजना छनोट गर्न बालभेला आयोजना गरिन्छ । स्थानीय तहको कार्यपालिका तथा सम्बन्धित शाखाले जिम्मेवारी बाँडफाँटका साथ निम्न विषयमा विशेष ध्यान दिनु जरुरी छ :

#### (क) बाल क्लबहरूको अद्यावधिक र सूचीकरण

- बालभेला आयोजना हुनुपूर्व नै बाल समूह (क्लब) स्थानीय वडा कार्यलय वा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रक्रियामा सूचीकृत तथा नवीकरण भएका छन् कि छैनन् भनेर सुनिश्चित गर्नुपर्दछ ।
- सूचीकृत नभएको वा नवीकरण नभएको भए बालभेला आयोजना गर्नुअगाडि नै गठन, पुनर्गठन र सूचीकृत गर्नुपर्दछ ।
- बालभेला हुनुपूर्व नै सबै बाल क्लबहरूको नियमित बैठक गतिविधि सञ्चालन भए-नभएको हेरेर अद्यावधिक गरिनुपर्दछ ।
- स्थानीय तहमा रहेका वडा बालसंरक्षण समिति, गाउँ/नगर बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँ/नगर शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, गाउँ/नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाइ समितिजस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समितिसित समन्वय गरिनुपर्दछ ।
- विद्यालयस्तरीय बाल क्लबका लागि विद्यालयसँग समन्वय राखेर अवस्था अद्यावधिक गर्नुपर्दछ ।

#### (ख) विषयगत सिलिङ र मार्गदर्शन तथा मोडालिटी अनिवार्य

- बालभेला आयोजना गर्न पहिला गाउँ वा नगरपालिकाबाट विषयगत सिलिङ, मार्गदर्शन र योजना तर्जुमाको मोडालिटी प्राप्त गर्नुपर्दछ । स्थानीय तहको कार्यपालिकाले बालभेला हुनुअगावै यी मार्गदर्शन पारित गर्नुपर्दछ ।




- स्थानीय तहले बालमैत्री शासन अवलम्बन गर्ने प्रयास गरेको वा अवलम्बन गरिरहेको वा बालमैत्री शासन घोषणा गरेको भए त्यसका लागि निरन्तरताको प्रतिबद्धता भए-नभएको एकिन गरेपछि मात्र बालभेला आयोजना गर्नु श्रेयस्कर हुन्छ ।

- स्थानीय तहले प्राथमिकीकरणका आधार बनाएको भए त्यसलाई दृष्टिगत गरिनुपर्दछ ।

### (ग) समय तालिका

- स्थानीय तहको योजना छनोटको प्रयोजनका लागि गरिने बालभेला स्थानीय तहको योजना छनोटको कार्यतालिकाअनुसार हुनुपर्दछ ।
- बस्ती तथा टोलस्तरीय योजना छनोट र वडास्तरीय तथा गाउँ र नगरस्तरीय बालभेला गरिने भएकाले योजना छनोटको समयावधिभित्र बालभेला गर्नुपर्दछ । बस्ती तथा टोलस्तरमा जेठ १ देखि जेठ १५ भित्र र वडा वा गाउँ नगरस्तरीय बालभेला जेठ १५ देखि २५ भित्रमा गरिनुपर्दछ ।
- बालभेला विद्यालय बिदाको दिन आयोजना गरिनुपर्दछ । सामान्यतया शनिबार बालभेला गर्नु उपयुक्त हुन्छ ।
- बालभेलाका लागि सामान्यतया एक दिन समय छुट्याउनुपर्दछ ।

### (घ) बालभेला हुने स्थान

- बालभेला गरिने स्थान सबै सहभागीको पायक पर्ने स्थानमा गर्नुपर्दछ ।
- बालभेला सभाहल, विद्यालयको ठूलो कक्षा-कोठामा गर्न सकिने भए पनि सहभागी संख्याका आधारमा खुला, हावा चल्ने, आवतजावत गर्न सकिने हुनुपर्दछ ।
- बालभेला गरिने स्थानमा बालमैत्री फर्निचर हुनुपर्दछ । भुइँमा कार्पेट बिछ्याइएको हल उपयुक्त हुन्छ ।
- बालभेला गर्ने हलमा छात्र वा छात्राको बेग्लाबेग्लै सौचालय हुनुपर्दछ ।
- बालभेला हुने स्थानमा पिउनेपानी, खाजा तथा खानाको प्रबन्ध गर्नुपर्दछ ।

- बालभेला हुने स्थान सुरक्षित र बालमैत्री वातावरणमा हुनुपर्दछ ।

### (ङ) समान प्रतिनिधित्व र सहभागिताको प्रत्याभूति

बालभेलामा नगरपालिका वा वडा कार्यलयबाट बेग्लै मापदण्ड तोकिएबाहेक यसप्रकार सहभागी हुन्छन् :

- गाउँ वा नगरस्तरीय बालभेलामा सबै वडा बाल सञ्जालबाट एक बालक र एक बालिकासहित २ जना ।
- वडास्तरीय बालभेलाका लागि बाल समूह गठन भएका सबै विद्यालयबाट एक बालक र एक बालिकासहित २/२ जना ।
- सामुदायिक वा बस्तीस्तरीय वा टोलस्तरको बाल क्लबबाट एक बालक र एक बालिकासहित २/२ जना ।
- विषयगत बाल समूह भएमा हरेक बाल क्लबबाट एक बालक र एक बालिकासहित २/२ जना ।
- बालमैत्री स्थानीय शासन नगर वा गाउँ अथवा वडा समितिमा सदस्य रहेका बालक र बालिका २ जना ।
- बालमैत्री स्थानीय वडास्तरीय समितिअन्तर्गत विषयगत उप-समितिहरु (बालबचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता) भएमा थी उपसमितिमा प्रतिनिधित्व गर्ने बालक र बालिकाबाट २/२ जना गरी ८ जना ।
- स्वास्थ्य व्यवस्थापन समितिमा सदस्य रहेका सबै बालबालिका ।
- विद्यालय व्यवस्थापन समितिमा रहेका सबै बालबालिका ।
- विद्यालय शिक्षाबाट वञ्चित रहेका बालबालिका रहेछन् भने एक बालिकासहित २ जना ।
- समग्र सहभागीमा दलित, आदिवासी जनजाति, अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व हुने गरी १० प्रतिशत र ५ प्रतिशत अपाङ्गता भएका बालबालिका सहभागिता मिल्ने गरी व्यवस्थापन गर्नुपर्दछ । यसका लागि समग्र बालभेलाको सहभागी संख्या बढाउन सकिन्छ ।

### (च) सूचना तथा जानकारी

बालभेला हुनुभन्दा १५ दिनअगावै सहभागीको नाम र सम्पर्क ठेगाना तयार गरी उनीहरूलाई बालभेलाका बारे सूचना, जानकारी तथा सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनुपर्नेछ :

- बालभेलाको मिति, समय र स्थान,
- बालभेला किन र केका लागि हुन गइरहेको र



उनीहरूको त्यहाँ के भूमिका रहन्छ ? त्यसका लागि लाग्ने समयका बारेमा पूर्वसूचना दिनुपर्दछ । यस्तो जानकारी सम्बन्धित बाल समूहमा आयोजना गरिने अभिमुखीकरणमा पनि दिन सकिन्छ ।

- बालभेलामा सहभागी हुनका लागि यातायात, खाना तथा उपलब्ध हुने सेवा-सुविधा,
- अन्य आवश्यक विषयवस्तु ।

### (छ) सहजकर्ता तथा स्वयंसेवकको व्यवस्था

बालभेला पूर्व नै बालभेलाका लागि आवश्यक पर्ने तालिमप्राप्त सहजकर्ता र स्वयंसेवकको व्यवस्था गरिनुपर्दछ । विभिन्न स्थानमा भएको अनुभवका आधारमा निम्न सहजकर्ता आवश्यक पर्छ :

- बालभेलाको समूहका लागि बेग्लाबेग्लै सहजकर्ता ३ जना
- मूल सहजकर्ता १ जना
- सवालको टिपोट तथा अन्य सहजीकरण सहयोगका लागि कम्तीमा २ जना
- स्वयंसेवक २ जना ।

### (ज) आवश्यक सामग्रीको व्यवस्थापन

बालभेला सञ्चालन गर्न विभिन्न सामग्री आवश्यक पर्छ, ती सामग्रीको व्यवस्थापन गर्नुपर्छ ।

- बालभेला लेखिएको फ्लेक्स वा ब्यानर
- साउन्ड सिस्टम वा माइकको व्यवस्था
- बस्ने मेच वा कुर्सी अथवा कार्पेट वा गुन्द्री, चकटी बिछ्याइएको सफा र हावा लाग्ने कोठा ।
- सिसाकलम आवश्यकताअनुसार
- साइन पेन आवश्यकताअनुसार
- कार्ड बोर्ड
- ब्राउन पेपर
- मेटाकार्ड
- साधा कापी हरेकलाई १ वटा
- चक्लेट वा टीका
- खाना, चिया वा दूध, खाजा ।

### (झ) अतिथिको आमन्त्रण :

कार्यक्रम गरिने स्थानमा अतिथि वा सरोकारवालालाई अग्रिम आमन्त्रण गरिनुपर्दछ । भरसक स्थानीय तहका प्रमुख वा उपप्रमुख/अध्यक्ष र उपाध्यक्षलाई अतिथि बनाउनु उपयुक्त हुन्छ ।

### (ञ) आर्थिक व्यवस्थापन :

बालभेला गर्न लाग्ने रकमको व्यवस्था भएमात्र कार्यक्रम आयोजना गर्नुपर्छ ।





## ४.२.२. बालभेला सञ्चालन प्रक्रिया

### (क) बालभेलाको चरण

बालभेला सम्पूर्ण प्रक्रिया सकेपछि तोकिएको मिति र स्थानमा बालबालिका भेला हुन्छन् । बालभेलामा के- के काम गर्ने भन्ने सन्दर्भमा कार्यतालिका बनाउनुपर्दछ । बालभेला सञ्चालन गर्दा कार्यतालिकाअनुसार सहजकर्ताले समयसीमामा रहेर कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस्तो कार्यतालिकामा कार्यविभाजन हुनु जरूरी छ । कार्यतालिकाको नमुना अनूसूची १ मा राखिएको छ ।

### (ख) बालभेला सहजकर्तामा हुनुपर्ने सीप तथा बालमैत्री व्यवहारसम्बन्धी जानकारी

बालभेला सहजकर्ताले बालभेला सञ्चालन गर्दा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने र बालबालिकालाई सक्रिय बनाएर गरिने क्रियाकलाप भएकाले उनीहरूलाई परिचालन सीप दिनु जरूरी छ । बालबालिकालाई विषयवस्तुमा केन्द्रित गरी बालभेला सञ्चालन गर्न निम्न सीप आवश्यक पर्छ :

- बालबालिकाको सहभागिता सम्मानजनक हुनुपर्छ ।
- बालबालिकालाई विषयवस्तुबारे अग्रिम जानकारी दिनुपर्छ ।
- बालबालिकाको सहभागिता बालमैत्री हुनुपर्छ ।
- सहभागिता समावेशी हुनुपर्छ ।
- सहभागीले आफ्नो जिम्मेवारी र भूमिका प्रष्ट थाहा पाएको हुनुपर्छ ।
- आफू कुन कार्यक्रममा सहभागी भएको हो र सहभागिताको क्षेत्र तथा प्रकृतिका बारेमा बालबालिकालाई जानकारी दिई उनीहरूलाई आफ्नो सहभागिताको विषयमा विश्वस्त र ढुक्क बनाएको हुनुपर्छ ।
- बालबालिकाले दिएको समय र प्रतिबद्धताको सम्मान गर्नुपर्छ ।
- काम गर्ने विधि र सहभागिताका तरिका निर्धारण र अभ्यास गर्दा स्थानीय संरचना, ज्ञान, व्यवहारलाई ख्याल गरी सामाजिक, आर्थिक, तथा सांस्कृतिक प्रचलनलाई ध्यानमा राख्ने र विषय बालबालिकाको वास्तविक जीवनसँग मेल खाने र सान्दर्भिक हुनुपर्छ ।
- बालभेलास्थल बालमैत्री हुनुपर्नेछ, जहाँ बालबालिकाको बसाइ सजिलो, आरामदायी, उनीहरूलाई चाहिने सुविधा प्राप्त भएको र

अपांगता भएका बालबालिकाको समेत पहुँच भएको हुनपर्छ ।

- बालबालिकाले चाहेको जानकारी लिन दिनका लागि समय उपयुक्त हुनुपर्नेछ, प्रयोग गरिएको फर्मेट तथा भाषा बालमैत्री हुनुपर्ने र देख्ने तथा सुन्ने क्षमता कमजोर भएका बालबालिकाले समेत सजिलै बुझ्न सक्ने हुनुपर्छ ।
- जातजाति, भाषा, उमेर, क्षमता, भूगोल, धर्म, क्षमता, अपांगता, जन्मलगायत कुनै पनि आधारमा विभेद नगरी सबै बालबालिकालाई आफ्नो विचार राख्ने समान अवसर दिनुपर्छ ।
- सबै बालबालिकाको समान सहभागिता सुनिश्चित गर्नुपर्छ ।



## ग बालभेला सञ्चालन र सहजीकरणका विधि तथा औजारहरू

बालभेला सञ्चालन र सहजीकरणका निश्चित विधि र औजारको प्रयोग गर्नुपर्दछ । ती औजारहरूको प्रयोग गर्दा क्रम नछुटाई गर्नु उपयुक्त हुन्छ । यसका विधिहरूको कार्यसूची यसप्रकार हुन्छन् :




**कार्यसूची १** : उद्घाटन सत्र

**समय** : १ घन्टा

### सहजीकरणका थप क्रियाकलापहरू

जसरी मैनबत्तीले अन्धकारलाई हटाउँदै उज्यालोतर्फ डोऱ्याउँछ त्यसैगरी हामी सबैले बालबालिकालाई अँध्यारोतिर होइन, उज्यालोतर्फ लैजानुपर्छ । जसले गर्दा उनीहरूलाई सुनिश्चित भविष्य दिन सकिन्छ । बालबालिकाको उज्ज्वल भविष्यका लागि उनीहरूको आवश्यकताअनुसारका कार्यक्रम र बजेट व्यवस्था गर्न जरूरी हुन्छ । यसरी व्यवस्था गरिएको बजेट उनीहरूकै सहभागितामा उनीहरूकै तहबाट योजना निर्माणका लागि बालभेला आवश्यक पर्छ भन्ने कुरा जानकारी गराउने । उद्घाटनको यो एउटा तरिका हो । सहजकर्ताले आफ्नो परिवेशलाई ध्यानमा राखेर नवीनतम् प्रयोगका साथ नयाँ–नयाँ तरिका अपनाई उद्घाटन गराउन सकिन्छ ।

***सामग्री :*** *ब्यानर वा फ्लेक्स मैनबत्ती वा पानस, मैनबत्ती, सलाई, परिचयका लागि चिट्ठा, मेटाकार्ड ।*

| चरण | क्रियाकलाप |
|---|---|
| पहिलो | कार्यक्रम सञ्चालनका लागि नगर/गाउँ बाल सञ्जालका सचिव कुनै प्रतिनिधि वा बाल क्लबका सदस्यलाई जिम्मा दिने । |
| दोस्रो | अध्यक्षताः नगर/गाउँ बाल सञ्जालका अध्यक्ष, अध्यक्ष उपस्थित नभएको अवस्थामा उपाध्यक्ष, वा सञ्जालका कुनै सदस्य, र सञ्जाल नबनेको अवस्थामा बालक्लवका एकजना सदस्यलाई गराउने |
| तेस्रो | प्रमुख अतिथिका रूपमा गाउँ नगरका अध्यक्ष वा प्रमुख वा उपाध्यक्ष वा उपप्रमुखलाई बनाउने । वडा तहमा वडा अध्यक्ष वा सदस्यलाई बनाउनु उपयुक्त हुन्छ । |
| चौथो | मैनबत्ती लिएर गोलो वा यू आकारमा सबैलाई वा सञ्जालका कार्यसमितिमा भएकालाई उभिन लगाउने । |
| पाँचौं | औपचारिक रूपमा गर्नुपरे प्रमुख अतिथिले पहिले आफ्नो हातको मैनबत्ती बाल्ने । यो प्रक्रियाबाट नगर्ने हो भने पानसमा बत्ती बाल्न पनि सकिन्छ । |
| छैटौं | आफ्नो हातको मैनबत्तीले अर्को सहभागीको मैनबत्ती बालिदिने । त्यसैगरी सबै सहभागीको मैनबत्ती बाल्दै जाने । |
| सातौं | सबैको मैनबत्ती बलिसकेपछि बालभेला सुरू भएको घोषणा गर्ने । उद्घाटनपछि छोटो जानकारी मन्तव्य राख्न समय दिने । |

## उद्घाटन सत्रमा ध्यान दिनुपर्ने कुरा

सहभागीलाई बालभेलाको छोटो परिचय दिएर उनीहरूको अधिकारबारे प्रष्ट पार्नुपर्छ । बालबालिकालाई बाँच्नका लागि चाहिने आधारभूत कुरा प्राप्त गर्नु, स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा प्राप्त गर्नु अधिकारको विषय भन्दै हेला, शोषण र दुर्व्यवहारबाट जोगिनु तथा उनीहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नु बालअधिकारसँग सम्बन्धित हुन्छ भन्ने जानकारी दिनुपर्दछ । यसै कुरालाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघीय महासभाले सन् १९८९ मा बालअधिकार महासन्धिको विषय उठाउनु उपर्युक्त हुन्छ । यस महासन्धिलाई नेपालले सन् १९९० मा हस्ताक्षर गऱ्यो । महासन्धिले बालबालिकाका अधिकारलाई ग्यारेन्टी गरेको छ नै, यसका अलावा यसलाई अनिवार्य रूपमा पालना गर्न राज्य पक्षलाई पनि जोड दिएको छ ।

नेपालको संविधान, २०७२ मा नेपालमा पहिलोपटक बालअधिकारका सवाल धार ३९ मा स्पष्ट आएको बताउँदै सरकार र स्थानीय सरकारले बालअधिकारका लागि गरिरहेको कार्य र जारी गरेका नीति तथा कार्यक्रमबारे जानकारी दिनु सान्दर्भिक हुन्छ ।

## यहाँ हामी किन भेला भएको ?

बालभेलामा बालबालिका जम्मा हुनुको अर्थ पनि उद्घाटन सत्र वा अन्य औजारको प्रयोगपूर्व नै जानकारी गराउनुपर्दछ । बालभेला आयोजकका तर्फबाट बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति (फोकल पर्सन), मूल सहजकर्ता वा प्रमुख प्रशासकीय अधिकृत वा वडा सचिवका तर्फबाट यस्तो जानकारी दिनु उपयुक्त हुन्छ ।

- स्थानीय तहको योजना अब बन्दै छ । यो योजनामा तपाईंहरूको सवाल, समस्या पहिचान गर्न यो बालभेला आयोजना भएको हो ।
- यो बालभेलामा शरीर नक्सांकन, मन पर्ने र मन नपर्ने, जोखिम नक्सांकन र परिकल्पनाको क्रियकलाप गर्नेछौं ।
- तपाईंहरूले चित्रमार्फत आफ्ना विचार तथा अनुभव राख्न अनुरोध गर्नेछौं ।
- तपाईंहरूले बनाएका चित्रका आधारमा सवाल निर्धारण भई प्राथमिकता हुनेछन् ।

- तपाईंहरूका आवाज र विचारलाई लिखित प्रतिवेदन सेवाप्रदायकले प्राप्त गर्न सक्छन् ।
- यो बालभेलाबाट बालबालिकासम्बन्धी योजना प्राथमिकतासहित जानेछ ।
- यो सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अर्को चरणमा पनि तपाईंहरु सहभागी हुन सक्नुहुन्छ ।

## बालभेलाको आवश्यकता तथा महत्व के छ ?

- बालभेलाले बालबालिका एक ठाउँमा जम्मा भई साझा समस्या, आवश्यकता र चाहनाका बारेमा विचार राख्ने अवसर सिर्जना गर्दछ ।
- यस्तो भेलाको छलफलले बालबालिकाको वास्तविक आवश्यकता र प्राथमिकता निर्धारण गर्नेछ ।
- बालभेलाले उपेक्षित समुदायका बालबालिकाको माग र चाहनालाई महत्व दिने भएकाले उनीहरूको आवाज योजना प्रक्रियामा समावेश हुन्छ ।
- तय गरिएका आवश्यकता र प्राथमिकतालाई स्थानीय योजना तर्जुमा र बजेट विनियोजनसम्बन्धी निर्णय गर्ने संरचना र पदाधिकारीसमक्ष राखी बालबालिकाको सर्वोत्तम हित हुने गरी कार्य गर्ने अवसर सिर्जना गर्न सकिन्छ ।
- बालभेलाले बालबालिकाको अर्थपूर्ण सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।
- बालबालिका, बाल क्लब, बाल सञ्जालको क्षमता विकासमा सहयोग पुग्छ ।
- बालबालिकालाई स्थानीय शासन र प्रजातान्त्रिक पद्धतिमा सहभागी हुने अवसर प्राप्त हुन्छ ।

## उद्घाटन सत्रमा गर्न नहुने कार्यहरू

- उद्घाटन सत्रमा लामो पट्यारलाग्दो भाषणबाजी गर्नुहुँदैन ।
- शुभकामना मन्तव्यका नाममा धेरै वक्ता राख्नुहुँदैन ।
- सरोकार नभएका मानिसलाई भेलामा प्रवेश गर्न नदिने प्रबन्ध गर्नुपर्दछ ।




**कार्यसूची २ : परिचय सत्र**

**समय : १ घन्टा**

## ध्यान दिनुपर्ने कुरा

परिचय सत्रले सहभागीहरूबीच एकअर्कामा परिचय गराउँछ । बाल अधिकारसम्बन्धी शब्द र अर्थको पनि बोध गराउने भएकाले प्रक्रियागत रूपमा परिचय गराउनुपर्दछ । सहजकर्ताले परिचय कार्यक्रम सञ्चालन गर्दा सहभागीमूलक परिचय भएकाले निर्देशन प्रष्टसँग दिनुपर्छ । परिचयका लागि बालबालिकासँग सम्बन्धित शब्दहरु (जस्तै, बालभेला, बालमैत्री, स्थानीय, शासन, बालअधिकार, बालश्रम, बाल सहभागिता, बाल संरक्षण, योजना, सवाल आदि) मेटाकार्डमा लेखेर सहभागीलाई वितरण गर्ने ।

***सामग्री :*** *मार्कर, मेटाकार्ड, कैंची, परिचयका लागि चिट्ठा आदि ।*

| चरण | क्रियाकलाप |
|---|---|
| **पहिलो** | सहभागीलाई शब्द टुक्र्याई काटिएको एक-एकवटा मेटाकार्ड दिने । |
| **दोस्रो** | हलभित्र रहेका अन्य सहभागीसमक्ष गई आफूलाई परेको शब्दलाई पूर्ण बनाउन जोडी खोज्न लगाउने । |
| **तेस्रो** | दुई दुईजनाको जोडी भइसकेपछि एकअर्काका बारेमा जानकारी लिन निर्देशन दिने । |
| **चौथो** | जानकारी लिइसकेपछि दुवैजनालाई अगाडि बोलाउने । |
| **पाँचौं** | पहिले शब्दको अर्थ कुनै एकजनालाई व्याख्या गर्न लगाउने । |
| **छैटौं** | व्याख्या गरिसकेपछि एकले अर्काको परिचय दिने |

नाम :

ठेगाना :

अनुभव : संस्था :

पद : रूचि :

बालबालिकाका क्षेत्रमा गरेको योगदानः

*परिचयको यो एउटा तरिका हो । सहजकर्ताले आफ्नो परिवेशलाई ध्यानमा राखेर नवीनतम् प्रयोगका साथ नयाँ-नयाँ तरिका अपनाई परिचय गराउन सकिन्छ*

## **कार्यसूची ३** : सहभागीका लागि आचारसंहिता सत्र
**समय** : आधा घन्टा

### ध्यान दिनुपर्ने कुरा
सहजकर्ताले बालभेलाको समय र आचारसंहिता निर्माण गर्दा सकेसम्म सबैको सहभागितालाई वृद्धि गर्ने र विचार राख्ने अवसर प्रदान गर्नुपर्छ । आचारसंहिता र समय निर्धारण भइसकेपछि सबैबाट त्यसलाई पारित गराउनुपर्छ । सहजकर्ताले सहभागीलाई दिइएको जिम्मेवारीका बारेमा पनि व्याख्या गरिदिनुपर्छ । आचारसंहिताले बालबालिकालाई अनुशासनमा बस्न सिकाउँछ । बालभेला अवधिको समय सीमा र कतृव्यको पाठ पढाइने भएकाले आचारसंहिता महत्वपूर्ण हुन्छ ।

***सामग्री :*** *मेटाकाड, न्यूजप्रिन्ट, ब्राउन पेपर वा सेतो वा कालो पाटी, मार्कर वा चक आदि ।*

| चरण | क्रियाकलाप |
|---|---|
| पहिलो | सहभागीसँग सोध्दै बालभेलाको समय निर्धारण गर्ने । |
| दोस्रो | समय निर्धारण गरिसकेपछि अर्को न्यूजप्रिन्टमा बालभेलालाई व्यवस्थित गर्न के-के आचारसंहिता बनाउनु पर्ला भनी सहभागीबाट राय संकलन गर्ने । |
| तेस्रो | समय, गर्न पर्ने र गर्न नपर्ने कुरा, मोबाइलको व्यवस्था, आदि प्रश्नसँग आचारसंहिता निर्माण गर्ने |
| तेस्रो | सहभागीबाट आएका रायलाई न्यूज प्रिन्टमा लेख्ने । |
| चौथो | कुनै महत्वपूर्ण कुरा छुटेमा थपेर आचारसंहितालाई ताली बजाई पारित गर्ने । |
| पाँचौं | आचारसंहिता बनिसकेपछि तयार गरेको न्यूज प्रिन्ट टाँसी जिम्मेवारी बाँडफाँड गर्ने । |



## **कार्यसूची ४**: समूह विभाजन सत्र

## **समय** : १० मिनेट

### ध्यान दिनुपर्ने कुरा

बालबालिकाको उमेर, क्षमता, परिपक्वता तथा भोगाईका आधारहरू फलक हुने भएकाले उमेर समूहका आधारमा समूह विभाजन गरी कार्यसूची कार्यान्वयन गर्नुपर्दछ । समूह विभाजन पछि समूह सहजकर्ता पनि साथमा तोक्नु पर्छ । मूल सहजकर्ताले सबै समूहको बस्ने स्थान, आवश्यक पर्ने सामग्रीको व्यवस्था, खानेकुराको व्यवस्था, पानी तथा शौचालयको जानकारी दिनु पर्दछ ।

***सामग्री :*** *समूह लेखिएको मेटाकार्ड*

| चरण | क्रियकलाप |
|---|---|
| **पहिलो** | सहजकर्ताले बालभेलालाई व्यवस्थित रूपमा सञ्चालन गर्न अब समूह बिभाजन गर्न लागिएको जानकारी दिने । |
| **दोस्रो** | तपाईंहरु सबैको जन्मदर्ता भएकै हो । जन्मदर्ताअनुसार अहिलेको उमेर पनि पक्कै थाहा होला भनेर सोध्ने । |
| **तेस्रो** | त्यसो भए ८ देखि ११ वर्ष उमेर समूहका बालबालिका पल्लो कुनामा एकै स्थानमा आमनेसामने भएर बस्ने । त्यो समूहको सहजकर्ताका रूपमा रूपा दिदी हुनुहुनेछ । (८ देखि ११ वर्ष उमेर समूहको मेटाकार्ड टाँस्ने) |
| **चौथो** | त्यसरी नै १२ देखि १८ वर्ष समेर उमूहका बालिका धनमाया दिदीको छेउमा अमनेसामने भएर बस्ने । (१२ देखि १८ वर्ष उमेर समूहका बालिका) लेखिएको मेटाकार्ड टाँस्ने । |
| **पाँचौं** | बाँकी रहेको १२ देखि १८ वर्ष उमेर समूहका बालकहरु जुजुभाइ दाइसँगै बस्ने । (१२ देखि १८ वर्ष उमेर समूहका बालक) लेखिएको मेटाकार्ड टाँस्ने) |
| **छैटौं** | समूह विभाजन सकिएको घोषणा गर्ने । |


## **कार्यसूची ५**: शरीर नक्सांकन सत्र

## **समय** : ३० मिनेट

### ध्यान दिनुपर्ने कुराहरु

शरीर नक्सांकन मूलतः सहभागी बालबालिकाको क्षमता र उनीहरूमा आएको परिवर्तन पहिचान गर्ने औजार हो । यो औजारको प्रयोग पछि बालबालिकाले उनीहरूको मुद्धाको गाम्भिर्यता र संवेदनशीलतालाई प्रष्ट पार्दछ । यो मूल्यांकन पद्धति पहिलो पटक बालभेला आयोजना गर्दा स्थानीय तहमा आवश्यक पर्दैन । तर यसअघि बालभेला भइसकेको र बालमैत्री शासन अवलम्बन गरिसकेका स्थानीय तहमा यो औजारको प्रयोगबाट पृष्ठपोषण लिन सकिन्छ । यसबाट बालबालिका आफैले पनि बालअधिकारकार कुरा सिक्न सक्छन् ।


***सामग्री :*** *न्यूज प्रिन्ट, मार्कर, मेटाकार्ड आदि ।*




| चरण | क्रियाकलाप |
|---|---|
| **पहिलो** | सहजकर्ताले सबै बालबालिकालाई एक वा दुई हारमा गोलाकार हुन आग्रह गर्ने । |
| **दोस्रो** | अब तपाईंहरूलाई बालमैत्री शासनको मूल्यांकन गर्ने जिम्मेवारी दिन चाहन्छु । यसको प्रक्रिया यस्तो छ । |
| **तेस्रो** | (ब्राउन पेपर देखाउँदै) यो कागजमा तपाईहरूले एकजना भाइ वा बहिनीको नक्सा उतार्नुपर्ने हुन्छ । उनलाई यो कागजमाथि सुताउने र सम्पूर्ण अंगहरूको नक्सा बनाउने । जस्तो, टाउको, कान, नाक, मुख, काँध, पेट, मुटु, खुट्टा आदि । |
| **चौथो** | कागजमाथि भाइ सुतेको भए, बालकले र बालिका सुतेको भए बालिकाले नक्सा उतारेपछि यो सम्पूर्ण बालबालिकाको साझा तस्बिर हो । अर्थात् हरेकले हामी आफै हुँ भन्ने महसुस गर्ने । |
| **पाँचौं** | अब यो तस्बिरलाई आधा/आधा परिकल्पना गरेर बायाँपट्टि बालभेला अगाडि अर्थात् बालमैत्री गतिविधि सुरू हुनुभन्दाको अगाडिको अवस्था र दायाँपट्टि  बाल क्लब गठन भएर बालभेलालगायतका बालमैत्री गतिविधि भएपछि आएको परिवर्तनलाई समूहमा निर्णय गरेर लेख्न अनुरोध गर्ने । यस्तो अनुभव लेख्न सबै समूहका बालबालिकालाई पालैपालो अवसरको सिर्जना गर्नुपर्दछ । सबैले आफ्नो कापीमा टिप्न र समूहमा हरेक शीर्षकमा छलफल गर्न पनि सहजकर्ताले सुझाब दिनुपर्दछ ।  (यसका प्रश्न तल छन् । |


## बालबालिकाको क्षमता तथा परिवर्तनलाई समीक्षा गर्न गरिने शरीर नक्सांकन (बडी म्यापिङ) मा गर्नुपर्ने प्रश्न

(माथिल्लो प्रश्न शरीरको बाँया भागतिरका लागि र
तल्लो प्रश्न दाँयातिरका लागि हो)



### टाउको

- यसअघि बालअधिकारसम्बन्धी तपाईंको, समुदायको र सरकारको कस्तो सोच थियो ?
- यसपछि यदि सकारात्मक छैन भने अब के गर्नुपर्छ ? आगामी दिनमा के परिवर्तनको अपेक्षा छ ?



### आँखा

- बालअधिकारसम्बन्धी गाउँघर, विद्यालय र वरिपरि के-कस्ता भएको थियो ?
- अब परिवर्तन भएका कुरालाई के-के छन् ?



### कान

- यसअघि वयस्क/ठूला मानिसले बालबालिकाका समस्या/कुरा सुन्ने, बालबालिकासँग सल्लाह गर्ने काम कत्तिको गरेका छन् ?
- त्यसपछि ठूला मानिसलाई बालबालिकाका समस्या सुन्ने र उनीहरूसँग सम्बन्धित सवालमा छलफल कस्तो भएको छ ?



### मुख


- यसअघि बालमैत्री गतिविधिपछि अहिलेसम्म वयस्कले तपाईंहरूमाथि गर्ने व्यवहार र बोल्ने तरिका कस्तो थियो?
- यसपछि व्यवहार, बोलीचालीमा केही सुधार या परिवर्तन के के भएका छन्?



**कांध**

- यसअघि तपाईंहरूले कस्ता काम गर्नु थाल्नुभएको छ ? केही जिम्मेवारी थियो? बढेका जिम्मेवारीले पढाइ या अन्य काममा केही असर पारेको थियो ? काममा बालक र बालिका भनेर केही विभेद गर्ने गरिएको थियो?
- अहिले के परिवर्तन भएको छ ?

**पेट**



- तपाईंलाई बालमैत्री गतिविधिपछि उकुसमुकुस लागेको, असहज भएको, चित्त नबुझेको कुनै कुरा थियो ?
- यदि केही उकुसमुकुस अवस्था थियो भने त्यस्तो समस्यामा के फरक पर्‍यो ।

**मुटु**




- कुनै डर, त्रास वा फरक अनुभूति भइरहेको थियो ? यसले दैनिक जीवनमा केही बाधा पारेको थियो ?
- यदि केही डर, त्रास या दैनिक जीवनमा बाधा थियो भने त्यसको समाधान के थियो ?



**खुट्टा**

- बालमैत्री गतिविधि अगाडि तपाईंको पहुँच कहाँसम्म थियो ? पढ्ने, खेल्ने ठाउँहरु कति टाढा थिए ? कति सुरक्षित थिए ?
- अहिले खेल्ने, पढ्ने ठाउँलगायतमा र पहुँचमा के फरक पर्‍यो ।

## **कार्यसूची ६**: मन पर्ने र मन नपर्ने सत्र
## **समय** : ३० मिनेट




### ध्यान दिनुपर्ने कुरा

यो कार्य औजार समस्या र सवाल पहिचान गर्नका लागि हो । चित्र मार्फत् आएका यी अभिव्यक्ति नै स्थानीय तहको योजना तथा कार्यक्रम बन्ने भएकाले वास्तविकताका आधारमा निजी भोगाईलाई राख्न प्रेरित गर्नुपर्छ । टिभीमा  हेरेको, पत्रिकामा छापिएका वा अरूले भनेको कुरा भन्दा पनि स्थानीय परिवेश, संलग्नता र व्यवहारका आधारमा चित्र बनाउन लगाउनुपर्छ ।

**सामग्री :** न्यूजप्रिन्ट वा ब्राउन पेपर, मार्कर, विभिन्न रंगका कलर, पेन्सिल आदि ।

| चरण | क्रियाकलाप |
|---|---|
| | सहजकर्ताले सबै बालबालिकालाई एक वा दुई हारमा गोलाकार हुन आग्रह गर्ने । |
| पहिलो | हरेक समूहमा बसेर मन पर्ने चित्र तथा  अर्कोपट्टि मन नपर्ने चित्र बनाउन आग्रह गर्ने । न्यूजप्रिन्ट र आवश्यक सामान पनि वितरण गर्ने । |
| दोस्रो | ■ चित्र बनाउँदा परिकल्पनामा आधार नलिन अनुरोध गर्ने ।<br>■ समाजमा जे देखिन्छ, जे भोगिन्छ त्यसैलाई चित्रमा उतार्ने ।<br>■ तपाईंकै गाउँ, ठाउँ, घरपरिवार, परिवेश, संरचना, सेवा, वातावरण, व्यवहार, रीतिथिति, प्रथालाई नियाल्न अनुरोध गर्ने ।<br>■ स्वास्थ्य व्यवस्थापन समितिबाट आएका बालबालिकालाई स्वास्थ्यका कुरा देखेका होलान्, विद्यालय व्यवस्थापनमा बसेका बालबालिकाले विद्यालयको सेवा देखेका हुन्छन् । स्थानीय तहको सेवासँग नजिक रहेका बालबालिका स्थानीय तहको सेवाबारे जानकार हुन सक्छन् । त्यसैगरी समुदाय, विषयगत बाल क्लबका बालबालिकाले आफ्नै क्षेत्रको कुरा भोगेका हुन सक्छन् । |
| तेस्रो | ती सबै क्षेत्रका भोगाइलाई सबैभन्दा पहिल कापीमा नोट गर्ने र सामुहिक छलफलपछि मन पर्ने र मन नपर्ने चित्र बनाउने । यस्तो चित्र राम्रोभन्दा पनि विषयलाई उजागर गरेको हुनुपर्दछ । अहिलेको परिवेशमा के चाहनुहुन्छ र के चाहनुहुन्न भन्ने लाग्छ त्यसैको चित्र बनाउन सबैमा आग्रह गर्ने । |
| चौथो | समूह सहजकर्ताले सामूहिक आवाजको प्रतिविम्बन गर्न सहजीकरण गर्ने । समूहमा घुलमिल नहुने र बेग्लै बसेका बालबालिकालाई समूहमा नजिक बनाउन प्रोत्साहन दिने । |
| पाँचौं | बनाइसकेका चित्रलाई भित्तामा टाँस्न लगाउने । तीनै समूहबाट चित्र आएपछि अर्को क्रियाकलाप सुरू भएको घोषणा गर्ने । |

## कार्यसूची ७ : जोखिम नक्सांकन सत्र
## समय : ३० मिनेट





### ध्यान दिनुपर्ने कुराहरू

यो औजारको प्रयोगबाट सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्नका लागि हो । यो औजारको प्रयोगबाट बालबालिकाले आफ्नो मन भित्र रहेको डर, त्रास तथा हृदयका आवाज मुखरित गर्न सक्छन् भन्ने ठानिएको हुन्छ । यसरी यो औजारको प्रयोग गर्दा सहजकर्ताले समूहका सबै बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि उनीहरूलाई हौस्याउनुपर्छ । सहभागीले समूहमा चित्र बनाउँदा सहजकर्ता वा अन्य उपस्थित वयस्कले आफ्ना विचार प्रतिविम्बित हुने गरी उनीहरूलाई प्रभावित पार्ने कुनै पनि क्रियाकलाप गर्नुहुँदैन । यस विधिको प्रयोग गर्दा बालबालिका आफैले जे देखेका छन् अथवा जे भोगेका छन् त्यो कुरा चित्रमार्फत उनीहरूले व्यक्त गर्न पाउने वातावरण सहजकर्ताले निर्माण गरिदिनुपर्छ ।

***सामग्री :*** *ब्राउन पेपर, मार्कर, साइनपेन, पेन्सिल, इरेजर, कटर, मैन कलर आदि*

| चरण | क्रियाकलाप |
|---|---|
| पहिलो | सहभागीलाई अघिल्लो सत्रमा उमेर समूहका आधारमा विभाजन गरिएको तीन समूहमा यथावत् बस्न लगाउने । |
| दोस्रो | प्रत्येक समूहलाई एक-एकवटा ब्राउन पेपर, पेन्सिल, इरेजर, कटर, साइनपेन र मैन कलर वितरण गर्ने । |
| तेस्रो | सहभागीलाई विभिन्न हिसावले सुरक्षित, असुरक्षित स्थान र क्षेत्रको चित्र बनाउन लगाउने । चित्रद्वारा आएको सुरक्षित र असुरक्षित स्थानलाई स्थानीय तहको योजना निर्माणमा सम्बोधन गर्ने तरिकामा स्पष्टता गर्ने । |
| चौथो | चित्र बनाउँदा सबै सहभागीको विचार चित्रमा प्रतिविम्बित हुने कुरामा सहजकर्ताले विशेष ध्यान दिने । |
| पाँचौं | चित्र तयार गरिसकेपछि सुरक्षित स्थानलाई रातो रंगको थोप्लो, स्टार वा अन्य कुनै संकेत दिन लगाउने । |
| छैटौं | असुरक्षित स्थानलाई कालो रंगको थोप्लो, स्टार वा अन्य कुनै संकेत दिन लगाउने, समूह कार्य सकिसकेपछि प्रस्तुति गर्न लगाउने र धन्यवाद दिने । |

## **कार्यसूची ८** : परिकल्पना
## **समय** : ४५ मिनेट




## ध्यान दिनुपर्ने कुराहरू

यस औजारको प्रयोग गर्दा बालबालिका आफैले जे देखेका छन्, जे भोगेका छन् र जे चाहेका छन् त्यो कुरा चित्रमार्फत उनीहरूले व्यक्त गर्न पाउने वातावरण सहजकर्ताले निर्माण गरिदिनुपर्छ । तर, परिकल्पनाको चित्र तयार गर्दा मन नपरेको चित्र र मन परेको चित्रलाई आधार बनाई अरु थप कुरा पनि समावेश गरी परिकल्पना तयार गर्न निर्देशन दिनुपर्छ । यो क्रियाकलाप गराउँदा समयलाई पनि ध्यान दिनु आवश्यक छ । त्यसका लागि पहिलो र दोस्रो चरणको चित्र बनाउँदा आधा/आधा घन्टाको समय र तेस्रो चरणको चित्रलाई ४५ मिनेटको समय छुट्याइदिनुपर्छ । त्यसैगरी १५ मिनेट प्रस्तुतिका लागि समय छुट्याउँदा राम्रो हुन्छ ।


***सामग्री :*** *ब्राउन पेपर, मार्कर, साइनपेन, पेन्सिल, इरेजर, कटर, मैन कलर आदि ।*

| चरण | क्रियाकलाप |
|---|---|
| पहिलो | सहभागीलाई अघिल्लो सत्रमा उमेर समूहका आधारमा विभाजन गरिएको तीन समूहमा पुनः यथावत् बस्न लगाउने । |
| दोस्रो | यो सत्रमा यस नगर वा गाउँ वा वडालाई कस्तो बनाउँदै छौ भनेर अब परिकल्पना गर्नुपर्ने र यस्तो परिकल्पना चित्रमा उतार्नुपर्ने समय आएको सम्झाउने । |
| तेस्रो | उनीहरूले तयार गरेको परिकल्पनाको आधारमा स्थानीय तहलाई योजना निर्माणमा सहजता प्रदान गराउन सकिनेबारे जानकारी दिने । |
| चौथो | सबैलाई दुई मिनटसम्म आँखा चिम्लेर परिकल्पना गर्न सामूहिक आग्रह गर्ने । |
| पाँचौं | सहभागीलाई बालमैत्री स्थानीय तह बनाउन के-के कुराहरु हुनुपर्ला भनी छलफल गर्न र छलफलबाट आएका कुरा कापीमा टिपोट गर्न सल्लाह दिने । सल्लाहबाट आएका कुरालाई परिकल्पनाको चित्र बनाउन लगाउने । |
| छैटौं | पकिल्पना गर्दा स्थानीय तहको राज्य, समाज, परिवारका संरचना, व्यवहार, कार्यशैली, रीतिरिवाज तथा नीतिका आधारमा यसअघि मन पर्ने र मन नपर्ने चित्रहरु, सुरक्षित र असुरक्षित चित्रका आधारमा समस्या तथा सवाललाई सम्बोधन गर्ने गरी चित्र बनाउन आग्रह गर्ने । |
| सातौं | समूह कार्य सकिसकेपछि तीनवटै चित्रलाई प्रस्तुत गर्न लगाउने । |

## कार्यसूची ९: प्रस्तुतिकरण सत्र
## समय : ४५ मिनेट

### ध्यान दिनुपर्ने कुराहरू

प्रस्तुतिकरण सत्र बालभेलाका क्रममा बालबालिकाले चित्राँकन बिधिद्धारा तयार पारिएको चित्रहरू सबै सहभागिलाई सुनाउने सत्र हो । यस सत्र मार्फत चित्रमा आएका कुराहरू सबैका सामू व्यक्त गरिने भएकाले यसको व्यख्या पनि उनीहरूले सुनाउने छन् । यस्तो अभ्यासले उनीहरूमा आत्म विश्वासको अभिबृद्धि हुन्छ ।



यो सत्रमा अस्पष्ट चित्र र चित्र बनाउनु परेको कारणबारे प्रष्ट पार्न निर्देशन दिनु पर्दछ । कुनै विषयमा भेलाका सबै सहभागीहरू बीच छलफल गर्न आवश्यक भए छलफल गराउनु पर्दछ ।

**सामग्री :** चित्र बनाइएका न्यूजप्रिन्ट आदि ।

| चरण | क्रियाकलाप |
|---|---|
| **पहिलो** | तिन समूहमा बनाईएका मन पर्ने, मन नपर्ने, सुरक्षित र असुरक्षित र शरीर नक्सँाकनको चित्र फरक फरक समूहको चित्र टास्नु पर्दछ । ११ बर्ष मुनिका समूहको चित्र उनीहरूको उचाईअनुसारको स्थानमा टास्नु पर्दछ । |
| **दोस्रो** | सहकर्ताले सबै भन्दा पहिले ८ देखि ११ बर्ष उमेर समूहका बाल बालिकाले बनाएको चित्र प्रस्तत गर्न समय दिनु पर्दछ । ३ वटा चित्रको प्रस्तत गर्न कम्तीमा दुइ दुइ जनाका दरले ६ जना आफै छान्न जिम्मा दिनु पर्छ । यस पछि सबै भन्दा पहिले मन पर्ने र मन नपर्ने प्रस्तुत गर्न लगाउनु पर्दछ । यो प्रस्तति पछि सुरक्षिता र असुरक्षित प्रस्तुत गर्नु पर्दछ । यो समूहले शरीर नक्सँाकन र परिकल्पना प्रस्तत गर्न जरूरी हुँदेन । प्रस्तति पछि आफनो स्थानमा बस्न इशारा गर्नु पर्दछ । |
| **तेस्रो** | १२ देखि १८ का बालक र एक जना बालिकालाई शरीर नक्सँाकन प्रस्तत गर्न प्रतिनिधि अगाडि पठाउन आग्रह गर्नू पर्दछ । सिंगो बालभेलामा शरीर नक्सँाकन एयटा मात्र हुने भएकाले एक समूहबाट प्रस्तुत गर्न लगाउने । |
| **चौथो** | बालक समूहलाई मन पर्ने र मन नपर्ने तथा सुरक्षित र असुरक्षित चित्रलाई प्रस्तुत गर्न दुइ दुइ जनालाई समय दिने । उनीहरूले प्रस्तति गरे पछि आफनो स्थानमा बस्ने छन् । |
| **पाँचौं** | यसै गरी बालिका समूहलाई पनि प्रस्ततिका लागि समय दिने । |
| **छैठौ** | प्रस्ततिको अन्त्यमा परिकल्पना प्रस्तुत गर्न बालक समूह र बालिका समूहलाई समय दिने । |
| **सातौ** | प्रस्तुति पछि यीनै चित्र र प्रस्ततिका आधारमा सवाल र समस्याको पहिचान गर्ने काम सुरू गरिने बताउने । |

## कार्यसूची १०: योजना निर्माण, सवाल र समस्या छुट्याउन सत्र
**समय** : आधा घन्टा

### ध्यान दिनुपर्ने कुराहरू



समस्या भनेको जीवनमा आइपर्ने कठिनाइ हुन् । यिनीहरु अलि साना किसिमका हुन्छन् । सवाल भनेको समस्याको मूल कारण हो । अर्थात् सवाल भन्नाले धेरै समस्याको जड रूप हो । जस्तो उदाहरणका लागि, नियमित विद्यालय जान नपाउनु समस्या हो भने बालश्रम सवाल हो । बालश्रमका कारण विद्यालय जान नपाएको हुनसक्छ । साथै सवाल पहिचान गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ भनी सहभागीलाई बताउने ।

**सवाल पहिचान गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरू :**

- अन्याय, अत्याचार, शोषण, उत्पीडन, दमन, विभेद, वहिष्कार र तिरस्कार आदि विषय ।
- अधिकार खोसिएको, नीति तथा कानुन कार्यान्वयन नभएको, असमानता, असुरक्षा, सामाजिक कुसंस्कार तथा कुप्रथाहरु ।
- दलित, जनजाति, उपेक्षित बालबालिकाका समस्याहरु ।

**सामग्री :** ब्राउन पेपर, मार्कर, साइनपेन, पेन्सिल, इरेजर, कटर, मैन कलर आदि ।

| चरण | क्रियाकलाप |
|---|---|
| पहिलो | सहभागीलाई चित्रहरुको माध्यमबाट आएका सवाल र समस्या छुट्याउनेबारे स्पष्ट पार्ने । सवाललाई कार्यक्रममा बदल्नेबारे सहभागीलाई जानकारी दिने । |
| दोस्रो | सहभागीलाई उमेर समूहका आधारमा विभाजन गरिएको तीन समूहबाट आएका विषयलाई सवाल र समस्यामा विभाजन गर्न लगाउने । |
| तेस्रो | यसका लागि ब्राउनपेपरमा एकातिर समस्या लेखेको मेटाकार्ड टाँस्ने, अर्कोतिर सवाल लेखेको मेटाकार्ड टाँस्ने । सहजकर्ताले सवाल र समस्यालाई प्रष्ट रूपमा छुट्याउन सहजीकरण गर्नुपर्छ । केही उदाहरण दिएर समस्या र सवाल बुझाएर कार्यक्रम बनाउनुपर्छ । समस्यालाई कार्यक्रमकै रूपमा राख्ने र सवाल सम्बोधन गर्न थप कार्यक्रम बनाउन सहभागीलाई छलफल गराउनुपर्दछ ।<br>यसमा बालबालिकालाई नै सवाल र समस्या छुट्याउन आग्रह गर्नुपर्दछ । तर सहजकर्ताका तर्फबाट पनि चित्रहरुको विश्लेषण गरेर सवाल र कार्यक्रमको खाका तयार गर्नुपर्दछ । यसो गर्दा चित्रबाट आएका सवाल छुट्दैनन् । |
| चौथो | चित्रबाट आएका सवाललाई सवालमा र समस्यालाई समस्यामुनि लेख्न लगाउने । |
| पाँचौं | समस्या कार्यक्रम हुनसक्छ भने सवाललाई कार्यक्रम बनाउनुपर्छ भन्ने कुरा सिकाउने । |
| छैटौं | सवाल सम्बोधन गर्न सकिने कार्यक्रम तय गर्नुपर्दछ । चित्रमा स्पष्ट नभएका कार्यक्रमलाई छलफल विधिद्वारा बढाउन सकिन्छ । |

## कार्यसूची ११: योजना प्राथमिकीकरण र माइन्यूट लेखन सत्र

**समय** : ४५ मिनेट

### ध्यान दिनुपर्ने कुराहरू

योजना प्राथमिकीकरण बाल भेलाको अन्तिम चरण हो । यो औजारको प्रयोग गरेर बालभेलामा टिपोट भएका धेरै प्रकारका योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्न सकिन्छ । सहजकर्ताले योजना प्राथमिकीकरण गर्दा सहभागीलाई ध्यान दिएर सहजीकरण गर्नुपर्छ । सबभन्दा बढी आवश्यक भएको योजनालाई एक नम्बरमा राख्न भन्नुपर्छ । अन्यलाई क्रमैसँग राख्न लगाउनुपर्छ ।



**सामग्री :** ब्राउन पेपर, मार्कर, साइनपेन, पेन्सिल, इरेजर, कटर, मैन कलर आदि ।

| चरण | क्रियाकलाप |
|---|---|
| **पहिलो** | सहभागीहरूले सवाल र समस्या छुट्याई तय गरेका योजनाहरु ब्राउनपेपरमा लेखेर सबैले देख्ने गरी भित्तामा टाँस्ने । |
| **दोस्रो** | तीमध्ये कुन योजनालाई प्राथमिकतामा राख्ने भनेर सहभागीलाई मतदान गर्न अनुरोध गर्ने । मतदानका लागि पहिचान भएका योजना लेखिएको बेग्लाबेग्लै मेटाकार्डलाई न्यूजपेपरमा राखेमा मतदान प्रक्रिया सजिलो हुन्छ । कार्यक्रम धेरै वा थोरै पनि हुन सक्छन् । यसैबमोजिम मतदान सामान टीका वा चक्लेट दिनुपर्दछ । |
| **तेस्रो** | मतदान गर्नु भनेको योजनाको प्राथमिकीकरण गर्नका लागि हो । पहिले विभिन्न टीका वा चकलेट जम्मा गर्नुपर्छ र योजना प्राथमिकीकरण गर्नका लागि ती टीका वा चकलेट समूहका प्रत्येक सहभागीलाई बराबरी वितरण गर्नुपर्छ । उदाहरणका लागि २० कार्यक्रम छन् भने २० वटा मतदान सामग्री वितरण गर्नुपर्दछ । सहभागीले आफुलाई एक नम्बरको प्राथमिकता, दोस्रो र तेस्रो गरी पाँच, वा दश नम्बरसम्म प्राथमिकीकरण गर्न सक्नेछन् । तर यसरी मतदान गर्दा आफूलाई धेरै मन पर्ने वा अत्यावश्यकमा धेरै वटा मतदान सामग्री राख्न सक्छन् भने कम प्राथमिकता भएका सवालमा मतदान नै नगर्न पनि सक्छन् । सामान्यतया एक नम्बरलाई ५ र दुई नम्बरलाई ३ गरी बाँकी २ दुई १/१ मत दिएर मतदान पनि गर्न सकिन्छ । यो मतभार हो । |
| **चौथो** | मतदानबाट धेरै मतभार प्राप्त योजनालाई क्रमअनुसार टिपोट गरी समूहमा सुनाउनुपर्छ । त्यपछि माइन्यूटमा लेख्नुपर्छ । |
| **पाँचौं** | एक नम्बरमा परेको योजनालाई सुरूमा लेख्ने, दुई नम्बरमा परेकोलाई दोस्रश्रोमा लेख्ने, यसरी क्रमैसँग लेख्दै जाने । |
| **छैटौं** | यस्तो माइन्युट अध्यक्षले सबैलाई पढेर सुनाएपछि दस्तखत गर्न आग्रह गर्ने । माइन्युटको पुछारमा अध्यक्षले दस्तखत गरेर बन्द गर्नुपर्दछ । |

प्राथमिकीकरणमा परेका योजनालाई माइन्यूट गर्नुपर्छ । माइन्यूट एजेन्डा निम्न राख्नुपर्छ :
१. पहिचान गरिएका सवालहरु २. योजनाहरु

## बालभेलाको माइन्यूटको नमुना

आज मिति.........................साल...................गते..............बार..............................जिल्लाको....................................नगरपालिका/गाउँपालिका.............. वडाको बालभेला बाल सञ्जालका अध्यक्ष.........को अध्यक्षतामा सम्पन्न भयो । भेलामा निम्नबमोजिमको उपस्थिति रहेको थियो :

### उपस्थिति

| क्र.सं. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |

### प्रस्तावहरू :

१- पहिचान गरिएका सवालहरु ।
२- योजनाहरु ।

### निर्णयहरू :

**निर्णय नं. १**: आज बालभेलामा भएको विस्तृत छलफलबाट यस नगरपालिका/गाउँपालिकाभित्र बालबालिकाका निम्न समस्या पहिचान भएको निर्णय गरियो :

क) बालविवाह
ख) बालश्रम
ग) खेलकुद सामग्री अभाव
घ) विद्यालय छाड्ने प्रचलन आदि ।

**निर्णय नं. २**: भेलामा उठेका यी समस्या तथा सवाललाई सम्बोधन गर्न निम्न योजना छनोट गरी नगरपालिका/गाउँपालिका/वडामा पठाउने निर्णय गरियो :

क) बालविवाहविरूद्ध सडक नाटक प्रदर्शन गर्ने ।
ख) नगरपालिका/गाविसमा रहेका बालश्रमिकको यकिन तथ्यांक संकलन गर्ने ।
ग) हरेक विद्यालयमा खेलकुद सामग्री खरिद गर्ने ।
घ) विद्यालय छाड्ने बालबालिकाको अवस्था, समस्या बुझ्न् घरदैलो भेटघाट कार्यक्रम गर्ने ।

. . .. . . . . गाउँपालिका/नगरपालिका/ .. . . . . वडा
पहिलो बालभेलाबाट छनोट भएका योजनालाई
गाउँ/नगर वा कार्यपालिका .. . . वडामा पेस गर्न तयार पारिएको

# योजनाको प्राथमिकीकरण सूची

आज मिति........................साल..................गते..............बार...............................जिल्लाको...................................नगरपालिका/गाउँपालिका............. वडाको बालभेला बाल सञ्जालका अध्यक्ष.........को अध्यक्षतामा सम्पन्न भयो । भेलामा निम्नबमोजिमको उपस्थिति रहेको थियो :

**उपस्थिति**

| क्रं सं. | पहिचान भएका सवाल | सवाल सम्बोधनका लागि योजना | मुख्य जिम्मेवारी | सहयोगी निकायहरू | अनुमानित लागत | योजना सञ्चालन हुने स्थान (वडा) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **पूर्वाधार विकास** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **सामाजिक तथा क्षमता विकास** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **संस्थागत विकास** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ४.२.३ बालभेला सम्पन्न भएपछिका कार्यहरू

### (क) बालभेलापछिको कार्य

बालभेलाले गरेको निर्णयलाई स्थानीय तहको वार्षिक योजनामा समावेश गरेपछि मात्र बालभेला सफल हुन्छ । बालभेला आफैमा परामर्श प्रक्रिया मात्र हो त्यसकारण गाउँ वा नगरको वार्षिक योजनामा पार्न चरणबद्ध रूपमा बालभेलाका योजनालाई तहगत निर्णय प्रक्रियामा समावेश गर्दै लैजानुपर्दछ । यो प्रक्रिया पूरा गर्नाले बालबालिकाका आवाज र विचारप्रति समूदाय सुसूचित हुने योजनाको अपनत्व विकास हुन्छ ।

| | कार्यहरू | प्रमुख जिम्मेवार |
|---|---|---|
| १ | बालभेलापछि बाल सञ्जालको बैठक बोलाएर बालभेला र बालभेलाका निर्णयबारे समीक्षा गर्नुपर्दछ । | बाल सञ्जाल अध्यक्ष |
| २ | वडा तहको बालभेला भएको भए वडास्तरीय बालमैत्री स्थानीय शासन समितिमा बालभेलाको निर्णय पेस गर्नुपर्दछ । यस्तो निर्णय पेस गर्न बाल सञ्जालका पदाधिकारीलाई समय दिनुपर्दछ । बालमैत्री स्थानीय शासन समितिमा प्रतिनिधित्व गर्ने बालक वा बालिकाले पेस गरे पनि हुन्छ । यस्तो बैठकमा बालभेलाका मुख्य चासो र सरोकार संक्षिप्तमा सुनाउनु उपयुक्त हुन्छ | बाल सञ्जाल र बालमैत्री समिति |
| ३ | बालमैत्री स्थानीय शासन समितिको बैठकमा बालभेलाका निर्णयको समीक्षा गर्नु पर्दछ । | बालमैत्री स्थानीय समिति/फोकल पर्सन |
| ४ | समितिको बैठकमा बालबालिकाले पारित गरेको निर्णयको समीक्षा गर्दै वडास्तरीय प्राथमिकीकरणको क्रममा समावेश गर्नुपर्दछ । यस्तो योजना टोल तथा बस्तीस्तरको योजना छनोट प्रक्रिया सम्पन्न नभएको भए त्यहाँ पठाउने गरी वडा सदस्यहरूलाई जिम्मा दिने निर्णय गराउनुपर्छ । | बालमैत्री स्थानीय समिति/फोकल पर्सन/बाल सञ्जाल |
| ५ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने बालबालिकालाई उनीहरूले पहिचान गरेको माग र समस्याका बारे प्रकाश पार्न समय उपलब्ध गराउनुपर्छ । बस्तीस्तरको योजना तर्जुमा हुँदा बालभेलाका निर्णयलाई समावेश गर्नुपर्दछ । | बस्तीका नागरिक/वडा सदस्य/बाल सञ्जाल |
| ६ | बस्तीस्तर वा टोलस्तरबाट छानिएका योजनासँगै बालभेलाबाट प्राथमिकतामा आएका योजना वडा कार्यालयमा पेस गर्नुपर्दछ । | वडा सदस्य/सामाजिक परिचालक |
| ७ | वडास्तरीय योजना प्राथमिकीकरण प्रक्रियामा छलफलका लागि एजेन्डाका रूपमा अन्य योजनासँगै बालभेलाका निर्णय बैठकमा पेस गर्नुपर्दछ । | वडा अध्यक्ष/वडा सचिव |
| ८ | बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णय र वडास्तरीय प्राथमिकतासहित सम्बन्धित गाउँ तथा नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नुपर्दछ । | वडा अध्यक्ष/वडा सचिव |

| | | |
|---|---|---|
| ९ | यसरी प्राप्त भएका योजनाको सूची बजेट तथा कार्यक्रम तर्जुमा समितिमा प्रस्तुत हुन्छ । | प्रमुख प्रशासकीय अधिकृत |
| १० | यो समितिले विषयगत क्षेत्रगत छलफलका क्रममा सामाजिक क्षेत्रअन्तर्गत बालबालिकासँग पनि छलफल गर्ने व्यवस्था गर्नुपर्दछ । यस्तो छलफलमा बाल सञ्जालका प्रतिनिधिको सहभागिता सुनिश्चित गरिएको हुनुपर्दछ । | बजेट तथा कार्यक्रम तर्जुमा समिति/ सामाजिक विकास समिति |
| ११ | बजेट तथा कार्यक्रम तर्जुमा समितिले बालबालिकाको योजनासहित सम्बन्धित कार्यपालिकाको बैठकमा स्वीकृतिका लागि पेस गरिनेछ । | प्रमुख प्रशासकीय अधिकृत |
| १२ | अन्तिम स्वीकृतिका लागि सम्बन्धित गाउँ वा नगरसभामा वार्षिक योजना तथा कार्यक्रमका रूपमा पेस गरिनेछ । | कार्यपालिका |
| १३ | सम्बन्धित सभाले समग्र वार्षिक योजना तयार गर्नेछ । | गाउँ वा नगरसभा |



# स्थानीय तहमा बालबालिकाका योजना तथा कार्यक्रम

## ५.१. बालबालिकाका योजना, स्थानीय तहको लगानी

बालबालिकामाथि गरिने योजना तथा कार्यक्रम खर्च नभएर लगानी हो । वास्तवमा बालबालिकामाथि अहिले हुने लगानी भविष्यमा राम्रो उपलब्धि हुन सक्ने देखिएको छ । खर्च भनेको खेर जाने अर्थात् त्यसबापत केही उपलब्धि या नाफा नआउने कुरा हो तर लगानी भनेको पछि प्रतिफल दिने कुरा हो । त्यसकारण बालबालिकामाथि लगाइएको पैसा खर्च होइन लगानी हो । यसको प्रतिफल भविष्यमा बालबालिकाले राम्रो काम गरेर दिन सक्छन् । त्यसकारण बालबालिकामाथि लगानी गर्न जरूरी छ ।

बालबालिकाको तीव्र विकास हुने समय भनेको गर्भावस्थादेखि एक हजार दिनको अवधि हो जुन समयलाई सुनौला हजार दिन भनेर भन्ने गरिन्छ । अर्थात् गर्भदेखि जन्मेको दुई वर्षभित्र अत्यधिक लगानी गर्नुपर्छ । बच्चाको पाँच वर्षभित्रमा करिब ८० प्रतिशत बौद्धिकता, व्यक्तित्व, सामाजिक सीप तथा संवेगात्मक विकास हुने भएकाले यही समयमा लगानी जरूरी हुन्छ । हाम्रो समाजमा बच्चाले माध्यमिक तह (एससिई) उत्तीर्ण गरेपछि मात्र लगानी गर्ने चलन छ तर यो उल्टो लगानी हो । खास लगानी गर्ने समय बाल्यकालमै हो ।

### बालबालिकामाथि लगानी गर्नुपर्ने कारणहरू

- बालबालिका खर्च नभई लगानी भएकाले ।
- बालबालिकामा लगानी गर्नाले सीप, क्षमता तथा बौद्धिक विकासका कारण मानवीय पुँजी स्रोत विकास भई त्यसले राष्ट्रको आर्थिक विकासमा सहयोग पुऱ्याउने भएकाले ।
- नेपालको संविधान र बालअधिकारसम्बन्धी महासन्धिअनुसार राज्यले बालअधिकारको सम्मान गर्नुपर्ने भएकाले ।
- संविधानले बालअधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरेको हुनाले ।
- भविष्यमा चाहिने दक्ष र योग्य जनशक्ति उत्पादन गर्ने ।
- स्थानीय सरकारको समानुपातिक र समावेशी विकास गर्ने दायित्व भएकाले ।

## ५.२. स्थानीय सरकारको दायित्व



नेपालको संविधानको अनुसूची ८ तथा संयुक्त अधिकारको सूची ९ ले स्थानीय सरकारको अधिकार र कार्यजिम्मेवारी सुम्पिएको छ । यी अधिकार तथा कार्यजिम्मेवारीलाई व्याख्या गर्दै नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन यहाँ स्मरणीय छ । यसअन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि विभिन्न विषयमा स्थानीय सरकारको कार्यजिम्मेवारीका रूपमा परिभाषित गरेको छ ।

## बालबालिका क्षेत्र

५.१ बालबालिकाको हकहित संरक्षणसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन ।

५.२. स्थानीयस्तरमा बालबालिकाको हकहित संरक्षण ।

५.३. स्थानीयस्तरमा बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, स्थानीय बाल संरक्षण समिति र बाल क्लब ।

५.४. बालबालिकाको हकहित संरक्षणसम्बन्धी संघ, प्रदेश, निकाय र संघ-संस्थासँग सम्पर्क, समन्वय र सहकार्य ।

५.५ स्थानीयस्तरमा बालबालिका परिवार सहयोग आदानप्रदान,

५.६ स्थानीयस्तरमा वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन,

५.७ स्थानीयस्तरमा बाल न्याय,

५.८. स्थानीयस्तरमा बालगृह/पुनर्स्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन ।

५.९ स्थानीयस्तरमा सडक बालबालिका व्यवस्थापन

५.१० स्थानीयस्तरमा बालबालिकाको हिंसा नियन्त्रण

५.११ बाल सुधार तथा पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन अनुमति र नियमन ।

५.१२ आपतकालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन ।

नेपालको संविधान, कानुन र स्थानीय तहसम्बन्धी विद्यमान नीतिहरूले स्थानीय तहमा बालअधिकारसम्बन्धी निम्नबमोजिम कार्यजिम्मेवारी सुम्पेको छ :

## (क) बाल बचाऊ :

बालअधिकारका चार संभागमध्ये बाल बचाऊ एक महत्वपूर्ण खम्बा हो । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिलगायत अन्तर्राष्ट्रिय मानव अधिकारका दस्तावेज एवं नेपालकै संविधान तथा कानुनले मानव मात्रको पहिलो अधिकारका रूपमा बाँच्न पाउने अधिकारलाई मानेको छ ।



यस सन्दर्भलाई बालअधिकारसँग प्रत्यक्ष जोडिन जान्छ । यो अधिकार स्थापित भएपछि गर्भ र जन्मको अवस्था, बाल्यकालमा हुने रोगको जोखिम र खोप, बाल पोषण, एचआइभी एड्स संक्रमित बालबालिका, शिशु तथा बाल मृत्युदर, गर्भिणी र सुत्केरी आमाहरूको उचित स्याहारजस्ता विषय समावेश छन् ।

बालमैत्री स्थानीय शासन रणनीति र कार्यविधिले बाल बचाऊसम्बन्धी निम्न सूचकलाई समेटेको छ :

- ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) गराएको ।
- एक वर्षभित्रका बालबालिकाले पूर्णरूपमा खोप (डिपिटी, बिसिजी, हेपटाइटिस बी, हिब ३, दादुराको मात्रा) ।
- ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको दुईपटक भिटामिन ए क्याप्सुल खाएको ।
- गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको ।

- गर्भवती महिलाले कम्तीमा प्रसूतिपूर्व चारपटक र प्रसूतिपश्चात् आमा र नवजात शिशुको कम्तीमा तीनपटक स्वास्थ्य जाँच गराएको ।
- गर्भवती महिलाले टिटानसविरूद्धको २ वटा खोप लगाएको ।
- गर्भवती तथा सुत्केरी आमाहरूले आइरन चक्की (जम्मा २२५ वटा) खाएको ।
- एचआईभी संक्रमित आमाको उपचार ।
- सतप्रतिशत घरधुरीमा पिउनयोग्य खानेपानीको सुविधा उपलब्ध भएको ।
- चर्पी गएपछि, खाना खानुअगाडि र बालबालिकाको दिसा धोएपछि साबुनपानीले हात धुने गरेको ।

| क्र सं | सूचक |
|---|---|
| १ | पूर्ण खोप |
| २ | सुरक्षित मातृत्व |
| ३ | आकस्मिक स्वास्थ्य सेवा |
| ४ | स्वास्थ्य जनचेतना |
| ५ | सार्वजनिक सौचालय |
| ६ | खुला दिसामुक्त क्षेत्र |
| ७ | सरसफाइ |
| ८ | खानेपानी |
| ९ | भिटामिन ए |
| १० | पोषण |

## बाल बचाऊका सूचकसम्बन्धी स्थानीय तहका कार्यजिम्मेवारी

संविधान तथा नेपालका कानुनी व्यवस्थामा स्थानीय तहको कार्यजिम्मेवारी बाल बचाऊका सन्दर्भमा यसप्रकार छन् :

## (ख) बाल संरक्षण

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई संरक्षण गर्न बालबालिकामाथि आइपर्ने कुनै पनि जोखिम तथा हानि, क्षतिबाट जोगाउनुजस्ता कार्य बाल संरक्षणभित्र पर्दछन् ।






बाल संरक्षणसम्बन्धी विभिन्न दायित्व स्थानीय सरकारलाई विद्यमान ऐन कानुनले दिएको छ । संरक्षणको सवालमा सडक बालबालिकाको हेरचाह र पालनपोषणको दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा परेकाले धेरै स्थानीय तहमा बालगृह सञ्चालनमा छन् । यसैगरी बालश्रमलाई निषेधतर्फको दिशामा लैजान धेरै स्थानीय तह सफल भएका छन् । बालविवाह कानुनी रुपमा प्रतिबन्धित भए पनि यदाकदा यसको परिपालन भएको पाइन्न । बालविवाहले पनि बालअधिकारको हनन् हुन्छ । विपदको जोखिमअन्तर्गत भूकम्पपीडित र बाढीपीडित बालबालिकाको पुनर्स्थापना गर्नमा धेरै समय लागेको हामी धेरैले भोगेका छौं । बेचबिखनको मारबाट पनि धेरै बालबालिका प्रभावित बनेका छन् । वैदेशिक रोजगारीका कारण पनि धेरै बालबालिकाले अभिभावकबाट पाउनुपर्ने स्नेह गुमाएका छन् । यसैगरी अल्पसंख्यक तथा सीमान्तकृत समुदायका बालबालिकाको जोखिम बेग्लै छ । यसैकारण समग्र बालबालिकाको संरक्षणका निम्ति बालमैत्री शासनले निम्न सूचक कार्यान्वयनमा ल्याएको छ :

- ५ वर्षमुनिका सबै बालबालिकाको जन्मदर्ता गराएको ।
- बालविवाह निषेध भएको ।
- निकृष्ट प्रकारको बालश्रम निषेध भएको।
- घरपरिवार र समुदायबाट बालबालिकाविरूद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार नभएको ।
- बाल संरक्षणसम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई सञ्चालनमा ल्याइएको ।

संविधान तथा नेपालका कानुनी व्यवस्थामा स्थानीय तहको कार्यजिम्मेवारी बाल संरक्षणका सन्दर्भमा यसप्रकार छन् :

| क्र सं | सूचक |
|---|---|
| १ | सडक बालबालिकाको उद्धार र पुनर्स्थापना |
| २ | व्यक्तिगत घटना दर्ता |
| ३ | बालविवाहको अन्त्य |
| ४ | बालश्रमको अन्त्य |
| ५ | छाउपडी अन्त्य |
| ६ | मानब बेचबिखनको अन्त्य |
| ७ | कमलरी प्रथाको अन्त्य |

## (ग) बाल विकास

बाल विकासलाई मानव विकासको आधारशिला मानिन्छ । व्यक्ति, परिवार, समुदाय र समाजका विभिन्न पक्षसँगको अन्तरक्रिया र सहयोगमा निर्भर हुने बालबालिकाको शारीरिक, मानसिक संवेगात्मक, ज्ञानात्मक, सामाजिक पक्षको समग्र विकास बाल विकास हो । यो अधिकार संरक्षणका लागि मूलतः शिक्षा र शिक्षा प्रणालीसँग बालअधिकार एकाकार






गरिएको छ । यसलाई बालमैत्री स्थानीय शासनले निम्न सूचकमा राखेको छ :

- ४ वर्षसम्मका बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएको । ।
- कक्षा १ का लागि विद्यालय जाने उमेर समूहका सबै बालबालिका विद्यालय भर्ना ।
- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएको ।
- औपचारिक शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षा ।
- सबै विद्यालयमा छात्रछात्राका लागि अलग-अलग सौचालयको व्यवस्था ।
- सबै विद्यालयमा अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रम सञ्चालन भएको ।

संविधान तथा नेपालका कानुनी व्यवस्थामा स्थानीय तहको कार्यजिम्मेवारी बाल विकासका सन्दर्भमा यसप्रकार छन् :

| क्रसं | सूचक |
|---|---|
| १ | शैक्षिक पूर्वाधार |
| २ | प्राराम्भिक बाल विकास केन्द्र |
| ३ | बाल उद्यान |
| ४ | बाल क्लबमार्फत खेलकुद |
| ५ | आधारभूत शिक्षा परीक्षा |
| ६ | माध्यमिक शिक्षा |
| ७ | पुस्तकालय |
| ८ | अनौपचारिक शिक्षा |

## (घ) अर्थपूर्ण बाल सहभागितासम्बन्धी कार्यजिम्मेवारी

बालबालिकासँग सरोकार राख्ने विषयमा बालबालिकाले आफ्नो कुरा राख्न पाउनु र उचित सूचना प्राप्त गर्नु बालअधिकारको विषय हो । स्थानीय तहको विकास प्रक्रिया र शासनको विभिन्न तहमा बालबालिकाको उमेर र परिपक्वताका आधारमा बालबालिकाले बालमैत्री ढंगले जानकारी प्राप्त गर्नु, आफ्ना भनाइ तथा विचार राख्न



पाउनु र उनीहरूका आवाजलाई सम्बोधन गर्ने प्रक्रियालाई बालबालिकाको अर्थपूर्ण सहभागिताको रूपमा मानिएको छ । स्थानीय तहमा बालबालिकाका आवाज र विचार राख्ने




संयन्त्र बन्दै गएको छ । यो अवसरको सदुपयोग गर्दै बालबालिकाले उनीहरूको व्यक्तित्व विकास गरिरहेका छन् । देशभरि बाल क्लबको गठन, बाल क्लबको सञ्जालीकरण र ती संयन्त्रमार्फत उनीहरूले स्थानीय तहको नीति निर्णय प्रक्रियामा भाग लिएका छन् । परिणामस्वरूप देशभरि २२ हजार ६ सय २८ बाल क्लब सञ्चालनमा सहजीकरण भएको छ । यी बाल क्लबमा ४ लाख ३७ हजार ७ सय ५९ बालबालिका आबद्ध रहेका छन्, जसमध्ये २ लाख ६ हजार ४९ र बालक २ लाख ३१ हजार ७ सय १० जना बालिका सक्रिय रूपमा संलग्न भएका छन् । जसका कारण स्थानीय सरकारका क्रियाकलापहरू बालमैत्री बन्दै गएका छन् ।

बालबालिकाको अर्थपूर्ण सहभागिताले बालबालिका सुहाउँदो समाज निर्माण हुँदै गएको छ । बालमैत्री स्थानीय शासनको अवधारणाबाट यो सम्भव भएको हो । यसैकारण बालमैत्री स्थानीय शासन रणनीति र कार्यान्वयन कार्यविधिले निम्नबमोजिम सूचक बनाएको छ :

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाको संस्थागत सहभागिताका लागि संयन्त्र विकास भएको ।
- वार्षिक योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको ।
- प्राथमिकबाहेकका सबै विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकमा बालबालिकालाई आमन्त्रण गरी उनीहरूको आवाज सुनिने व्यवस्था संस्थागत तवरबाट सुनिश्चित गरिएको ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व गराउने व्यवस्था ।
- वडा र नगरस्तरीय बाल सञ्जाल क्रियाशील रहेको ।
- जिल्लामा जिल्लास्तरीय बाल सञ्जाल रहेको र स्थानीय तहबाट प्रतिनिधित्व रहेको ।

संविधान तथा नेपालका कानुनी व्यवस्थाहरूमा स्थानीय तहको कार्यजिम्मेवारी अर्थपूर्ण बाल सहभागिताका सन्दर्भमा यसप्रकार तोकिएको छ :

| क्रसं | सूचक |
|---|---|
| १ | योजना प्राथमिकीकरण |
| २ | बालमैत्री स्थानीय शासन समिति |
| ३ | संयुक्त अनुगमन |
| ४ | बाल सञ्जाल |
| ५ | बाल क्लब |
| ६ | योजना तर्जुमा प्रक्रिया |
| ७ | सामुदायिक सिकाइ केन्द्र |
| ८ | बाल पुस्तकालय |
| ९ | विद्यालय व्यवस्थापन समिति |
| १० | स्वास्थ्य व्यवस्थापन |

## (ङ) संस्थागत विकासका सूचकसम्बन्धी स्थानीय तहका कार्यजिम्मेवारी

स्थानीय तहका प्रक्रियागत केही कार्यजिम्मेवारी छन् । बालबालिकाको अधिकार संरक्षणका लागि यसप्रकारका प्रक्रियागत कार्यजिम्मेवारीको महत्व रहन्छ । स्थानीय तह आफैमा सरकार भएकाले जवाफदेही हुनुपर्दछ । स्थानीय




तह विधिको शासनमा अडिएको हुँदा संविधान, कानुनको शासनमा टिकेको हुनुपर्दछ । बालमैत्री स्थानीय शासनमा पनि विधिको पालना अक्षरशः हुनु अनिवार्य छ ।



बालमैत्री स्थानीय शासनले तोकेका न्यूनतम निम्न सूचक छन् :

- स्थानीय तहको सभा, कार्यपालिकाको बैठक नियमित रूपमा संचालन भएको ।
- बालमैत्री आचारसंहिता तयार गरेको ।
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति क्रियाशील रहेको ।
- सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहेको ।
- स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहेको ।
- बाल विकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षा सञ्चालन भएको ।
- स्थानीय तहमा विद्यालय, समुदायमा बाल क्लब र

सञ्जाल रहेको ।

- स्थानीय तहमा निगरानी समूह, सामुदायिक मध्यस्थता समिति र बाल संरक्षण समिति रहेको र ती कमिटी बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहेको ।
- बाल सञ्जालको प्रतिनिधित्व जिल्लास्तरको सञ्जालमा भएको ।
- बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा गरी त्यसको कार्यान्वयन भएको ।
- स्थानीय तहको गाउँ/नगर विकास योजनामा बालबालिकाकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गरेको ।
- स्थानीय तहमा बालबालिकासम्बन्धी स्थितिपत्र प्रकाशन भएको र यसको अद्यावधिक भएको ।

स्थानीय तहको कार्यजिम्मेवारी संस्थागत विकासको सन्दर्भमा संविधान तथा नेपालका कानुनी व्यवस्थाहरूमा यसप्रकार छन् :

| सूचक | | विवरण |
|---|---|---|
| १ | आचारसंहिता | |
| २ | बजेट व्यस्थापन | |
| ३ | लक्षित वर्ग योजना | |
| ४ | रणनीतिक योजना | |
| ५ | वार्षिक योजना | |
| ६ | आवधिक योजना | |
| ७ | बाल क्लब सञ्जाल | |
| ८ | नीति रणनीति तयारी | |
| ९ | प्रोफायल तयारी | |
| १० | बालमैत्री घोषणा | |



## अनुसूची १
## विराटनगर महानगरपालिकास्तरीय बालभेला

२०७३/०९/९,१०र ११

### पहिलो दिन

| क्र.सं | विषवस्तु | समय | अवधि | विधि |
|---|---|---|---|---|
| १. | नामावली दर्ता | १०:००_१०:३० | ३० मिनेट | |
| २. | उद्घाटन समारोह र मन्तव्य | १०:३०_११:१५ | ४५ मिनेट | कार्यकारी अधिकृतबाट(४ वटा मैनबत्ती बालेर) |
| ३ | चिया सत्र | ११:१५_११:३० | १५ मिनेट | |
| ४ | सहभागीको परिचय | ११:३०_ १२:१५ | ४५ मिनेट | |
| ५. | बालभेलाको आचारसंहिता र समय तालिका निर्माण | १२:१५_१२:३० | १५ मिनेट | |
| ६ | बालभेला र यसको महत्व, बालअधिकार, सवाल पहिचानका आधार (ख्याल गर्नुपर्ने कुराहरु) | १२:३०_०१:३० | १घन्टा | हाजिरी जवाफ, प्रस्तुति र अन्तरक्रिया |
| ७ | खाजा चिया मध्यान्तर | १:३०_२:०० | ३० मिनेट | |
| ७ | मानव शरीर बनाउने र प्रगति विश्लेषण | ०२:००_२:४५ | ४५ मिनेट | |
| ८ | मन पर्ने, नपर्ने कुरा (Like/Dislike) | ०२:४५_३:३० | ४५ मिनेट | चित्र बनाउने |
| ९. | जोखिम नक्सांकन (Risk Mapping) | ३:३०_०४:३० | १घन्टा | चित्र बनाउने र प्रस्तुति |
| १०. | बालभेला स्थगन | | | |

### दोस्रो दिन

| क्र.सं. | विषवस्तु | समय | अवधि | विधि |
|---|---|---|---|---|
| १. | अघिल्लो दिनको पुनरावलोकन | १०:००—१०:३० | ३० मिनेट | |
| २ | हामी यस्तो परिवेश चाहन्छौं (Visioning -परिकल्पना) | १०:३०—११:४५ | १ घन्टा १५ मिनेट | चित्र बनाउने र समूहगत प्रस्तुति |
| | चिया | ११:४५_१२:०० | १५ मिनेट | |
| ३. | योजना निर्माण, (सवाल पहिचान र माग छुट्याउने ) | १२:००_०१:०० | १ घन्टा | समूहका कार्य र प्रस्तुति |
| ४. | योजना प्राथमिकीकरण र माइन्यूट लेखन | ०१:००_०२:१५ | १ घन्टा १५ मिनेट | टीका प्रयोग गरेर |
| ५ | खाजा मध्यान्तर | ०२:१५_३:०० | ४५ मिनेट | |
| ६ | बाल क्लब तथा सञ्जाल सञ्चालन निर्देशिका परिमार्जनका लागि खाका प्रस्तुति | ०३:००_०४:०० | १ घन्टा | |
| ७ | आजका लागि भेला स्थगन | | | |

## तेस्रो दिन

| क्र.सं. | विषयवस्तु | समय | अवधि | विधि |
|---|---|---|---|---|
| १. | अघिल्लो दिनको पुनरावलोकन | १०:००—१०:३० | ३० मिनेट | |
| २ | निर्देशिकामाथि समूह छलफल प्रस्तुति | १०:३०—११:३० | १घन्टा | समूह छलफल र प्रस्तुति |
| | चिया | ११:३०… ११:४५ | १५ मिनेट | |
| ३ | समूह छलफलको सुझाबमा अधिकतम् सहमति सहित निर्देशिका पारित गराउने | ११:४५…१२:३० | ४५ मिनेट | सुझाबमा सहमति र पारित |
| ४ | नगर बाल क्लब सञ्जालको पुनर्गठन प्रक्रियामा प्रवेश | १२:३०…२:३० | २ घन्टा | पारित निर्देशिकाबमोजिमको संरचना बमोजिम सदस्यहरु र कार्यसमिति चयन सर्वसम्मत गर्ने नभए निर्वाचन प्रक्रियाबाट छनोट गर्ने । |
| ५. | खाजा मध्यान्तर | ०२:३०…०३:१५ | ४५ मिनेट | |
| ६. | नवनिर्वाचित कार्यसमितिलाई शुभकामना तथा बधाइज्ञापन, मायाको चिनो वितरण, प्रमाणपत्र वितरण गर्दै विधिवत् समापन | ३:१५…४:०० | ४५ मिनेट | प्रमुख अतिथिबाट |
| ७. | सहभागीलाई यात्रा खर्च व्यवस्थापन | ४:००…०४:३० | ३० मिनेट | |

# अनुसूची २
## विराटनगर महानगरमा
## बालभेलाबाट पहिचान भएका बालबालिकाका सवाल तथा मागहरू :

| सवालहरु | मागहरु |
|---|---|
| छोराछोरीबीच भेदभाव | भेदभावविरूद्ध अभिभावक सचेतना कार्यक्रम तथा प्रचार-प्रसार गर्ने |
| खुला दिसा गर्नु | ठाउँ-ठाउँमा सार्वजनिक सौचालय निर्माण र व्यवस्थापन गर्ने |
| लागूपदार्थ, दुर्व्यसनी कुलतमा बालबालिका फस्नु | लागूपदार्थ, दुर्व्यसनी कुलतको रोकथामका लागि सचेतना अभियान सञ्चालन गर्ने<br>बालबलिकालाई सुर्तिजन्य, मादक पदार्थ बिक्रीमा रोक लगाउने<br>बाल सुधार केन्द्र सञ्चालन व्यवस्थापन गर्ने |
| विद्यालयमा दण्ड सजाय | विद्यालयमा बालमैत्री वातावरण र व्यवहारका लागि तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने |
| भत्किएको पुल, नाला सडक | निर्माणाधीन कामलाई छिटो चाँडो गरी सक्ने |
| विद्यालयमा छात्र र छात्राको साबुन पानीसहितको अलग सौचालयको अभाव | बालमैत्री पूर्वाधार विकासमा सौचालयको पर्याप्त व्यवस्थापन गर्ने साथै पानी र सरसफाइको उचित व्यवस्थापन गर्ने |
| असुरक्षित पोखरी र खोल्सा नाला | असुरक्षित पोखरी (विराटनगर १९को)लाई घेरेर सुरक्षित बनाउने |
| हरियालीको र सफा सहरको कमी | पर्याप्त वृक्षरोपण गरी विराटनगरलाई हरियाली बनाउने |
| बालश्रम | बालश्रम निवारण कार्यक्रम सञ्चालन गर्ने,उद्धार गर्ने, परिवारमा फर्काउने, तालिम दिने, परिवार सहयोग गर्ने, शैक्षिक सहयोग, परामर्श दिने, |
| बालमैत्री तथा अपांगमैत्री नभएको पूर्वाधार (विद्यालय, सडक, सरकारी तथा गैरसरकारी कार्यालयहरु) | बालमैत्री तथा अपांगमैत्री विद्यालय, सडक, सरकारी तथा गैरसरकारी कार्यालयको पूर्वाधार हुनुपर्ने |
| पारिवारिक झैं-झगडा कलह | अभिभावक सचेतना कार्यक्रम तथा प्रचार-प्रसार |
| बालविवाह तथा प्रेमविवाह | बाल विवाह रोक्ने, सचेतना कार्यक्रम सञ्चालन गर्ने, ठाउँ ठाउँमा जानकारी तथा सूचना बोर्डहरु राख्ने |
| खेला मैदानको अभाव | बालमैत्री खेल मैदान बनाउने र खेल सामग्री उपलब्ध गराउने, |
| खेल प्रतियोगिता सञ्चालन गर्ने | |
| बालमैत्री बाल उद्यान | आपांगमैत्रीसनितको बालमैत्री चिल्ड्रेन पार्क बनाउने र व्यवस्थापन गर्ने |
| बाल क्लबको प्रभावकारी सञ्चालन व्यवस्थापन | बालभेला नियमित र समयमा सञ्चालन गर्ने<br>बाल क्लब र सञ्जालका बैठकहरु नियमित सञ्चालन,<br>बाल क्लबको क्षमता विकास तालिम सञ्चालन गर्ने,<br>संरचनामा बाल प्रतिनिधित्व अर्थपूर्ण सहभागितामा गर्नुपर्ने |
| असहाय तथा अनाथ बालबालिकाहरु बाल सुधारगृह | बालसुधारगृह तथा अनाथ आश्रमको प्रभावकारी सञ्चालन व्यवस्थापन गर्ने । |

| | |
|---|---|
| सडक बत्ती | बाटो निर्माणसँगै सडक बत्तीलाई व्यवस्थित बनाउनुपर्ने, ढल्न लागेका पोल फेर्ने, बत्ती बल्ने बनाउनुपर्ने |
| लागूऔषध ओसार-पसार | सीमाक्षेत्रमा लागूऔषध ओसार पसार नियन्त्रण गर्नुपर्ने<br>प्रहरी अभिमुखीकरणसहित प्रहरीसँगको सहकार्यमा नियन्त्रण गर्ने<br>ओसारपसारमा संलग्नलाई परामर्श तथा अभिमुखीकरण गर्ने |
| बिजुलीको तार अव्यवस्थित | सम्बन्धित निकायसँग समन्वय गरेर व्यवस्थित गर्न लगाउने |
| खुला नाला | बनेका नालाहरूलाई छोप्ने |
| चौतारामा बसेर चुरोट, रक्सी खाने जसले बालबालिका असुरक्षित हुने | जथाभावी खैनी, चुरोट, गुट्का रक्सीजस्ता सुर्तीतथा मादकपदार्थजन्य सामग्री बेचबिखनमा रोक लगाउनुपर्ने<br>सार्वजनिक स्थलमा यसको प्रयोग गर्नेलाई कारबाही गर्नुपर्ने |
| छाडा पशु चौपाया | नियन्त्रण गर्ने, सूचना गर्ने र कारबाही गर्ने |
| जथाभावी रक्सी भट्टीहरूको कारण समस्या | जथाभावी खैनी, चुरोट, गुट्का रक्सीजस्ता पदार्थ बेचबिखनमा रोक लगाउनुपर्ने |
| विद्यालयमा गुणस्तरीय शिक्षा | विद्यालयमा शिक्षक बालमैत्री शिक्षण सिकाइ तालिम सञ्चालन<br>सम्बन्धित निकायबाट नियमित र प्रभावकारी अनुगमन र कारबाही |
| विद्यालय र होटलको दूरी | विद्यालय रहेको स्थानदेखि कम्तीमा १५० मिटरभित्र होटल सञ्चालन अनुमति नदिने |
| धूमपान, मद्यपान, रक्सी आदिको बेचबिखन | जथाभावी खैनी, चुरोट, गुट्का, रक्सीजस्ता पदार्थ बेचबिखनमा रोक लगाउनुपर्ने |
| जेब्राक्रस, ट्राफिक नियम | सडक निर्माणसँगै जेब्राक्रस, बालमैत्री सडकपेटी, ट्राफिक नियमको जानकारी बोर्डहरूको व्यवस्था गर्नुपर्ने |
| फोहर व्यवस्थापन, फोहर | नगरको नियमित र प्रभावकारी रूपमा सरसफाइ तथा फोहर व्यवस्थापन गर्नुपर्ने |
| पूर्व प्रा.वि. र प्रा.वि.मा खाजा | प्रा.वि. तहसम्म विद्यालयमा खाजाको व्यवस्था गर्नुपर्ने |
| बाल क्लब भवन तथा बालमैत्री स्रोतकेन्द्र | बाल क्लबको नियमित बैठक, भेला सञ्चालन गर्न छुट्टै भवनको व्यवस्था गर्नुपर्ने र बाल क्लब सम्पर्क केन्द्र बनाउनुपर्ने विराटनगरमा बालमैत्री स्रोतकेन्द्रको स्थापना गर्नुपर्ने |
| निःशुल्क औषधोपचार व्यवस्थापन | अपांगता भएका बालबालिकासहित सबै बालबालिकालाई निःशुल्क औषधोपचारको व्यवस्था हुनुपर्ने |
| बालमैत्री एम्बुलेन्स | बालबालिकाका लागि मात्र प्रयोग गर्ने बालमैत्री एम्बुलेन्स व्यवस्था गरी सञ्चालन गर्नुपर्ने । |

# अनुसूची ३
## मतदान प्रक्रियाबाट प्राथमिकीकरणमा परेका माग तथा कार्यक्रमहरू : तीन तहमा विभाजन गरिएबमोजिम

| क | बालबालिका लक्षित बजेटबाट सञ्चालन हुने गरी प्राथमिकीकरणमा परेका माग तथा योजनाहरू |
|---|---|
| १ | बालभेला सञ्चालन, बाल क्लब तथा बाल सञ्जाल सञ्चालन व्यवस्थापन र बाल क्लबहरूको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन व्यवस्थपन । |
| २ | बालअधिकार हनन, भेदभाव, दुर्व्यवहार, शोषण, बालमैत्री व्यवहार, पारिवारिक कलहलगायतका विषयमा अभिभावक एवं सरोकारवालालाई सचेतना एवं प्रभाव प्रसार कार्यक्रम |
| ३ | बालमैत्री खेला मैदानको व्यवस्था, खेलसामग्रीको व्यवस्थासहित खेल प्रतियोगिता सञ्चालन |
| ४ | लागूपदार्थ, दुर्व्यसनी रोकथाम तथा सचेतना कार्यक्रम सञ्चालन, (जथाभावी बेचबिखनमा रोक, आचारसंहिता निर्माण गरी बालबलिकालाई सुर्तिजन्य, मादकपदार्थ बिक्रीमा रोक लगाउने व्यवस्था गर्नुपर्ने) |
| ५ | बालश्रमविरूद्धको कार्यक्रम सञ्चालन (बालश्रम निवारण कार्यक्रम सञ्चालन गर्ने, उद्धार गर्ने, परिवारमा फर्काउने, तालिम दिने, परिवार सहयोग गर्ने, शैक्षिक सहयोग गर्ने, परामर्श दिने, |
| ६ | बालविवाह तथा बाल प्रेमविवाह रोक्ने, सचेतना कार्यक्रम सञ्चालन गर्ने, ठाउँ-ठाउँमा जानकारी तथा सूचना बोर्डहरु राख्ने |
| ७ | बाल पुस्तकालयको व्यवस्था विभिन्न क्षेत्रमा गर्नुपर्ने र भएका पुस्तकालय बालबालिकाले उपयोग गर्न पाउनुपर्ने । |
| ८ | विद्यालयमा बालमैत्री वातावरण र व्यवहारका लागि तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने |
| ९ | समस्यामा परेका बालबालिकाका लागि परामर्श सेवा गर्ने (परामर्शकर्ताको व्यवस्था गर्नुपर्ने ) |
| १० | बालबालिकाको अधिकार हननका घटनाको र बालबालिकासम्बन्धी सञ्चालित कार्यक्रमको प्रभावकारिताका लागि प्रभावकारी र अर्थपूर्ण अनुगमन गर्नुपर्ने । |
| | |
| ख) | अन्य बजेट शीर्षक तथा अन्य निकायसमेतको समन्वय र सहयोगमा गरिने बालबालिका लक्षित योजना |
| १ | बालमैत्री बाल उद्यान (पार्क) निर्माण तथा सञ्चालन व्यवस्थापन गर्नुपर्ने |
| २ | अपांगता भएका बालबालिकाका लागि नि:शुल्क शिक्षा, स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने |
| ३ | दाइजो प्रथा अन्त्यका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने |
| ४ | कक्षा ५ सम्म अनिवार्य अंग्रेजी माध्यमबाट शिक्षण गर्ने व्यवस्था गर्ने (जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरेर) |
| ५ | गरिब, असहाय तथा जेहेनदार बालबालिकालाई शैक्षिक सहयोग तथा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने । |
| ६ | अनाथ आश्रम तथा बालगृहको व्यवस्थित सञ्चालन व्यवस्थापन गर्नुपर्ने । |
| ७ | स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्र सञ्चालन व्यवस्थापन (जिल्ला जनस्वास्थ्य कार्यालय तथा नेपाल सरकारसमेतको सहयोगमा) |
| ग) | न.पा. विकास बजेट तथा अन्य निकायसमेतको सहयोग र समन्वयमा गरिने योजनाहरु |
| १ | विद्यालय, सडक, विषयगत सरकारी तथा अन्य कार्यालयहरूको बालमैत्री एवं अपांगमैत्री पूर्वाधार विकास गर्नुपर्ने |
| २ | वृक्षारोपण गरी नगरलाई हरियाली बनाउनुपर्ने । |
| ३ | सार्वजनिक सौचालय निर्माण तथा व्यवस्थापन गर्नुपर्ने |
| ४ | नगर तथा सहरी केन्द्रहरूको सरसफाइ तथा फोहर व्यवस्थापन प्रभावकारी गर्नुपर्ने |
| ५ | पोखरी घेराबार गरी सुरक्षित बनाउनुपर्ने वडा नं. १९ को । |

# सन्दर्भ सामाग्री


- बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कर्न्सोटीयम) २०१०, *बाल सहभागिता प्रबर्द्धनका लागि विद्यमान कानूनी एबम् नीतिगत व्यबस्था र सरकारका कार्यक्रम* ।
- मीरेष्ट नेपाल (२०७२) अप्रकासित, *बालमैत्री स्थानीय शासनका लागि सञ्चारकर्मीहरूका लागि तालिम निर्देशिका* ।
- नेपाल सरकार अर्थ मन्त्रालय (२०७३), *आर्थिक सर्बेक्षण २०७२-७३* ।
- *नेपालको संविधान,* २०७२, कानून, न्याय, संविधानसभा तथा संसदीय मन्त्रालय, कानून किताव व्यबस्था समिति ।
- नेपाल सरकार मन्त्री परिषदको कार्यालय (२०७३) *संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँड र विस्तृतीकरण ।*
- केन्द्रीय तथ्यांक विभाग, (२०११) *नेपालको जनगणना,* राष्ट्रिय योजना आयोग ।
- *नेपाल राजपत्र* (२०७३) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना २०७३ फागुन २७ गते । खण्ड ६६, संख्या ५८, भाग ४ मा प्रकाशित ।
- राष्ट्रिय योजना आयोग (२०७३), *चौधौ योजना* (आर्थिक बर्ष २०७३/७४ - २०७५/७६)
- *स्थानीय सरकार सञ्चालन ऐन* (२०७४), व्यबस्थापिका संसद सचिवालय, सिहदरबार ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७३ अप्रकाशित) *बाल भेला सहजीकरण स्रोत पुस्तिका* ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७३), *बालमैत्री स्थानीय निकाय घोषणा, सरलीकृत हाते पुस्तिका* ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७३), *बाल भेला सञ्चालन गर्दा पालना गर्नु पर्ने कुराहरू* ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०६८), *बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति* ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०६८), *बालमैत्री स्थानीय शासन कार्यान्वियन कार्यविधि ।*
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७४) *स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश।*
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७४) *स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन* ।
- *सुशासन (व्यबस्थापन तथा सञ्चालन) ऐन,* (२०६४) नेपाल सरकार कानून, न्याय, ंविधानसभा तथा संसदीय मन्त्रालय, कानून किताव व्यबस्था समिति ।
- सेभ द चिल्ड्रेन र अरूहरू (२०७२), *भूकम्पपछि नेपाली बालबालिकाका आवाज* ।
- युनिसेफ नेपाल र मीरेष्ट नेपाल (२०७२) *बालमैत्री स्थानीय शासनका असल अभ्यास ।*
- युनिसेफ नेपाल र मीरेष्ट नेपाल (२०७४), *स्थानीय तहमा बालबालिकाको आवाज* ।
- Dahal, B. P. (2014).*Child Participation in Schools of Nepal: Role and Contribution of Child Clubs;* A Thesis Submitted to School of Education in Partial Fulfillment of the Requirements for the Degree of Doctor of Philosophy in Education Kathmandu University, Dhulikhel, Nepal, January 2014
- Daly, A. (2016) *Chapter- Article 15 The Right to Freedom of Association and to General Comment No. 12 (2009)* The right of the child to be heard, Committee on the Rights of the Children, United Nations, Geneva, Switzerland.
- General comment No. 14 (2013) *on the right of the child to have his or her best interests taken as a primary consideration* (art. 3, para. 1), Committee on the Rights of the Children, United Nations, Geneva, Switzerland.
- General comment No. 17 (2013) *on the right of the child to rest, leisure, play,recreational activities, cultural life and the arts* (art. 31),Committee on the Rights of the Children, United Nations, Geneva, Switzerland.
- Rajbhandary, J., Hart, R., & Khatiwada, C. (1999). *The children's clubs of Nepal: A Democratic experiment.* Kathmandu: Save the Children, Kathmandu.
- Rajbhandary, J., Hart, R., & Khatiwada, C. (2002).*The children's clubs of Nepal: An assessment of a national experiment in children's democratic development.* Save the Children, Kathmandu.

युनिसेफ नेपाल र मीरेष्ट नेपालको सहयोग र सहकार्यमा प्रकाशित

**मीरेष्ट नेपाल**
पाटनढोका, ललितपुर
पोष्ट बक्स नं. ८९७५ ईपिसी १८५३, काठमाडौं
फोन नं. ०१-५२६०५५२
Email: info@mirestnepal.org.np
Website: www.mirestnepal.org.np